धर्मो रक्षति रक्षितः
पशुपति क्षेत्र विकास कोष, नेपाल
२०४३



पशुपति क्षेत्र

प्रकाशक

पशुपति क्षेत्र विकास कोष

सञ्चालक परिषद्

पशुपति क्षेत्र विकास कोष,
सञ्चालक परिषद्

संरक्षक

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

अध्यक्ष

श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवी शाह

त्रैमासिक वर्ष - २ अङ्क - ५ २०५२

सल्लाहकार

कृष्णप्रसाद घिमिरे

प्रा. शिवगोपाल रिसाल

सम्पादक

चेतोनाथ गौतम

प्रकाशक :-

पशुपति क्षेत्र विकास कोष

सञ्चालक परिषद्

देवपत्तन, काठमाडौं, फो. नं. ४७०-५७४, ४७१-६६७, पो. ब. नं. ६०६२, काठमाडौं, नेपाल।

मुद्रण तथा कम्प्यूटर टाइप सेटिङ :- विद्याधरी अफसेट प्रिन्टिङ्ग प्रेस पाटन औद्योगिक क्षेत्र, ललितपुर। फोन नं. ५-२४७९५, ५-२६७६२

सम्पादकीय

भगवान् श्रीपशुपतिनाथको जस्तै धार्मिक महत्त्व भएको वाग्मती नदी बढ्दो मानवीय अतिक्रमणले गर्दा पूर्णतः प्रदूषित हुनाले धार्मिक एवं वातावरणीय क्षेत्रमा समेत प्रतिकूल प्रभाव पर्न गएको कुरालाई र यस क्षेत्रको मर्यादालाई बुझ्रेर श्री ५ को सरकाले पशुपति क्षेत्र ढल निर्माण सुधार आयोजनालाई प्राथमिकता प्राप्त आयोजनाका रूपमा सञ्चालन गर्न अधिकार सम्पन्न समिति गठन गरी कार्यान्वयन गर्न लागेको प्रसङ्ग धर्म र वातावरणप्रति अभिरूचि राख्ने सबैका लागि स्वागत योग्य बन्न गएको छ। यस आयोजना अन्तर्गत प्रथम चरणमा गोकर्णदेखि ताम्रगंगासम्म ढल बनाउने तथा ताम्रगंगा-तिलगंगा खण्डमा सुरूङ्ग बनाउने अनि गौरीघाट क्षेत्रको ढललाई पनि गुह्येश्वरी उत्तर लगी मूल ढलमा मिलाएर निकासको व्यवस्था गर्ने कार्यक्रमले गुह्येश्वरी, गौरीघाट र आर्यघाटलाई प्रदूषणमुक्त गराउने कुरामा विश्वास गर्न सकिन्छ । यस कार्यक्रमले शौचालयको ढल र उद्योगको निकासबाट भएको प्रदूषणलाई नियन्त्रण गर्न सक्छ तर वाग्मतीको जीवन-व्यथाको कथा त्यत्तिमै पूरा हुँदैन । व्यथाको मूल जरो त पानीसँग गाँसिएको छ जो वाग्मतीको जीवन हो । काठमाडौं उपत्यकाको बढ्दो शहरीकरणले गर्दा वाग्मतीको सम्पूर्ण पानी खाने पानीका रूपमा प्रयोग भएको छ र नदीको जीवन नै समाप्त भएको छ। अब ढल निकासको कार्यक्रमसंगै वाग्मतीको अपहृत जीवन प्रत्यावर्तन गर्ने कार्यक्रमको पनि खाँचो भएको छ । यसका लागि वाग्मतीको शिरक्षेत्र र दुवै किनारमा वृक्षारोपण गरी जलप्रवाह वृद्धि गर्ने र यथासम्भव छिटै नै खाने पानीका लागि वैकल्पिक उपाय खोज गरी कार्यान्वयन गरेर वाग्मतीको पानी वाग्मतीलाई नै दिने व्यवस्था हुनु पर्दछ। खाने पानी, बत्ती, सडक र ढल निकास जस्ता भौतिक पूर्वाधारका विस्तार नगरी बस्ती बिस्तार हुन दिनु हुन्न र वाग्मती नदी किनारका जग्गाहरूको भू-उपयोग नीति पनि स्पष्ट हुनु पर्दछ। वर्तमान निर्माणाधीन ढल निकाससंगै यी सबै कुरालाई एकीकृत गरी कार्यान्वयन गराउने तर्फ श्री ५ को सरकारको ध्यान गएमा मात्र यथार्थमा वाग्मतीको प्रदूषण नियन्त्रण कार्य सफल हुन जानेछ र उपत्यकाको वातावरण संरक्षणमा समेत अनुकूल प्रभाव पर्न सक्नेछ ।

अस्तु

विषय सूची

लेख	लेखक	पृष्ठ
१. शिव -साधना	प्रा. शिवगोपाल रिसाल	१
२. हामीले नेपाललाई नै धार्मिक कर्मक्षेत्र मानेका छौं	जगद्गुरु शङ्कराचार्य श्रीजयेन्द्र सरस्वती स्वामीगल	४
३. प्रतिपद अन्वयार्थ रूद्राष्टाध्यायी	पं. लोकनाथ आचार्य	१०
४. हिन्दूधर्मका मूल मान्यताहरू	कृष्णप्रसाद भट्टराई	१६
५. आत्मपूजा	स्थानेश्वर तिमल्सिना	२१
६. तपश्चर्याका असाधारण परिणामहरू	ऋषिकेश शर्मा	२६
७. सिद्धान्त शैव दर्शन	दुर्गाप्रसाद दवाडी	२९
८. गतिविधि		३९

राष्ट्रनायक श्री ५ महाराजाधिराज
वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको
स्वर्ण-शुभ-जन्मोत्सवका सुखद
अवसरमा मौसूफको सुस्वास्थ्य,
दीर्घायु एवं दीर्घ-सुशासनका लागि
भगवान् श्रीपशुपतिनाथसंग
प्रार्थना गर्दै सरकारका
जुनाफमा सभक्ति
शुभ-कामना
चढाउँछौं ।

पशुपति क्षेत्र विकास कोष
सञ्चालक परिषद्

ॐ

शिव-साधना

- प्रा. शिवगोपाल रिसाल

१. साधकले साधनाद्वारा साध्य परमात्माको साक्षात्कार गर्दछन् । शिव हाम्रा साध्य हुन्, शिवभक्त (शैव) साधक हौं र शिव साक्षात्कारका निमित्त, शिव-विषयक ज्ञान प्राप्तिका लागि शास्त्रले बताएका उपासना, आराधना, भक्ति, वन्दना, पूजा, ध्यान, शिव-तत्त्व चिन्तन एवं विवेचना आदि शिव-साधनाभित्र पर्दछन् । शिव-तत्त्व, आत्म-तत्त्व वा ब्रह्म-तत्त्वदेखि अभिन्न भएकाले, अद्वैत भएकाले आत्मानुसन्धान नै वास्तवमा शिव-साधना हो । साधकका अधिकार, रूचि, निष्ठा, तत्परता, श्रद्धा, भक्ति अनुसार साधनाका प्रकारहरू भिन्न हुन सक्छन् तर मूल रूपमा, तात्विक रूपमा जुनसुकै साधकले पनि आफ्ना साध्य, लक्ष्य, प्राप्तव्य, निदिध्यासितव्य वस्तु प्राप्तिका लागि कठोर साधनाको अवलम्बन गर्नै पर्छ । जप, तप, ध्यान, समाधि, चिन्तन, मनन, श्रवण आदि थुप्रै उपायहरू हाम्रा शास्त्रमा वर्णित छन् ।

शिवका साधकहरूले शिवकै चिन्तन, शिवकै कथन, शिवकै विषयमा परस्परमा छलफल आदि गर्नुपर्छ ।

२. ईश्वर एक हुनुहुन्छ । युगयुगमा आवश्यकता अनुसार लीलाभेदले अनेकौं दिव्य नाम-रूप धारणा गरेर धराधाममा अवतरित हुनुहुन्छ । साधक स्वतन्त्र छन् । आ-आफ्ना प्रकृति र रूचि अनुसार कुनै पनि नाम रूपको उपासना गरेर भगवान्लाई प्राप्त गरी कृतकृत्य हुन सक्छन् । हाम्रा प्रातः स्मरणीय ऋषि-मुनिहरू वा भगवान्का भक्तहरूमध्ये कसैले भगवान् विष्णुको, कसैले शिवको त कसैले देवी दुर्गाको अनि कसैले गणेशको त कसैले सूर्यको आराधना, अर्चना, साधना गरी आफूलाई धन्य वनाएका छन् । यी पाञ्चायन देवतामा भेद पटक्कै छैन ।

यथा शिवस्तथा दुर्गा या दुर्गा विष्णुरेव सः ।
अत्र यः कुरुते भेदं स नरो मूढ दुर्मतिः ॥
देवीविष्णुशिवादीनामेकत्वं परिचिन्तयेत् ।
भेदकृन्नरकं याति रौरवं नात्र संशयः ॥

(मुण्डमालातन्त्र)

(जस्तो शिव त्यस्तै दुर्गा, जस्तो दुर्गा त्यस्तै विष्णु हुनुहुन्छ । यिनमा जसले भेदभाव गर्छ, त्यो दुर्बुद्धि मनुष्य मूर्ख हो । देवी, विष्णु, शिव आदिमा एकत्व देख्नु नै वास्तवमा देख्नु हो, यिनीहरूमा भेददृष्टि राख्नु पापभागी वन्नु हो । यदि कसैले भेद गर्छन् भने ती निःसन्देह रौरव नरकमा जान्छन् ।)

यसबाट के सिद्ध हुन्छ भने कुनै पनि साधकले भगवान्का कुनै पनि अवतारमा, आकारमा, श्रीविग्रहमा, नाम-रूपमा, लीलामा भेदभाव राख्नु भएन । वास्तवमा शिव, विष्णु आदि एकै हुन्, उही नै हुन् ।

३. शिवपुराणमा शिवको महिमा, विष्णुपुराणमा विष्णुको महत्ता, श्रीमद्भागवतमा, गर्गसंहितामा कृष्णको चरित्र, रामायणमा रामको मर्यादा, देवी भागवतमा देवीको सर्वोत्कृष्टता, सूर्यपुराणमा सूर्यको उत्कृष्टता, गणेशपुराणमा गणेशको सर्वोच्चता आदि प्रदर्शन गरे तापनि सारसंक्षेपमा भन्ने हो भने यी सबै देवताहरूमा वास्तवमा भेद

छैन, भिन्नता छैन, पारमार्थिक सत्य यही नै हो। त्यसैले यी पाँचै देवतालाई विभिन्न शास्त्रहरूमा, उपनिषद्हरूमा परब्रह्म, परामात्मा, सृष्टिकर्ता, पालनकर्ता, संहारकर्ता, सर्वज्ञ, सर्वव्यापक, सर्वान्तरयामी, सर्वसाक्षी, सर्वगुणसम्पन्न फेरि निर्गुण, निराकार, निरञ्जन, निर्मल बताइएको छ। शुक्ल यजुर्वेदको माध्यन्दिनीय शाखाको १६ औं अध्यायमा भगवान् परमात्मा शिवको निराकार-साकार स्वरूपको स्पष्ट वर्णन छ । त्यस्तै कैवल्योपनिषद्मा भनिएको छ-

तमादिमध्यान्तविहीनमेकं

विभुं चिदानन्दमरूपमद्भुतम् ।

उमासहायं परमेश्वरं प्रभुं

त्रिलोचनं नीलकण्ठं प्रशान्तम् ॥

(कैव. ७)

(ती परमात्मा शिव आदि, मध्य र अन्त्यहीन छन्, निराकार छन्, एक छन्, विभु (व्यापक) छन् चिदानन्द छन् , अद्भुत छन्, रूपरहित छन्, उमाका साथ वस्तछन्, सबैका स्वामी, मालिक हुन्, परम ईश्वर हुन्। तीन आँखा भएका, नीलो घाँटी भएका परम शान्त परमात्मा शिव सबैका आराध्य हुन् ।)

श्वेताश्वतर उपनिषद्मा पनि परमात्मा शिवको विशेष वर्णन पाइन्छ । शिवलाई सगुण-निर्गुण सबै प्रकारको मान्दै उपनिषद्को मन्त्र अगाडि बढ्छ-

तमीश्वराणां परमं महेश्वरं

तं देवतानां परमं च दैवतम् ।

पतिं पतीनां परमं परस्ता-

द्विदाम देवं भुवनेशमीड्यम् ॥(६/७)

(भगवान् शिव ईश्वरका पनि परम ईश्वर, देवताका पनि परम देवता, पतिहरूमा पनि परम पति परात्पर, परमपूजनीय, त्रिभुवनका ईश्वर हुनुहुन्छ, उहाँलाई हामी वन्दना गर्दछौं, प्रणाम गर्दछौं ।)

यसरी साकार माने पनि निराकार माने पनि सगुण-साकार, निर्गुण-निराकार जे माने पनि, जसरी माने पनि परमात्मा देवाधिदेव, आराध्यदेव नेपालका त राष्ट्रदेव, महादेव श्रीपशुपतिनाथको आराधना, अर्चना, वन्दना आदिद्वारा साधना समर्पण गरेका खण्डमा आशुतोष प्रसन्न भएर हाम्रो उद्धार गर्नुहुन्छ ।

४. भगवान् शिवका विषयमा शिवपुराणमा भनिएको छ-

सत्यं ज्ञानमनन्तश्च चिदानन्द उदाहृतः ।

निर्गुणो निरुपाधिश्च निरञ्जनोऽव्ययस्तथा ॥

यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह ।

तदेव प्रथमं प्रोक्तं ब्रह्मैव शिवसंज्ञितम् ॥

(शिव. ज्ञान. ७६)

(ती भगवान् शङ्कर सत्यरूप, ज्ञानरूप र अनन्तरूप छन् । निर्गुण, निरुपाधि, निरञ्जन र अविनाशी छन् । मनले सहित भएको वाणी जसलाई नपाएर अर्थात् फेला पार्न नसकेर फर्केर आउँछ अर्थात् जो मन-वाणीको सीमाभन्दा पर छन् । त्यही ब्रह्मवस्तु शिवनामले पहिले भनिएका छन् अर्थात् ब्रह्म नै शिव नामले संसारमा प्रसिद्ध छन् ।) तीनै शिवलाई यसरी पनि भनिएको छ-

रुद्रो नाम स विज्ञातो लोकानुग्रहकारकः ।

ध्यानार्थं चैव सर्वेषामरुपो रूपवानभूत् ॥

स एव च शिवःसाक्षात् भक्तवात्सल्यकारकः ॥

(शिव. ज्ञान. ७७)

(संसारको कल्याणंका निमित्त एकै परमात्मा शिवको नाम हुन्छ रुद्र। उहाँले सबै योगी, ज्ञानी, साधक, भक्त आदिका ध्यानमा आउने हुनाले अरूप भएर पनि दिव्यरूप धारण गर्नुभयो । उहाँ भक्तवत्सलरूपधारी (साकार) रुद्र साक्षात् शिवनै हुनुहुन्छ ।)

अन्यत्र भनिएको छ -

सर्वदेवात्मको रुद्रः सर्वे देवा शिवात्मकाः....

ये नमस्यन्ति गोविन्दं ते नमस्यन्ति शंकरम् ।

येऽर्चयन्ति हरिं भक्त्या तेऽर्चयन्ति वृषध्वजम् ॥

ये रुद्रं नाभिजानन्ति ते नजानन्ति केशवम् ॥

(रुद्रहृदयोपनिषत् ४-७)

(सम्पूर्ण देवता रुद्र-शिवात्मक हुन् । गोविन्दलाई जसले नमस्कार गर्छ उसले शङ्करलाई पनि नमस्कार गऱ्यो.... रुद्रलाई जसले जानेन त्यसले केशवलाई पनि जानेन ।)

शिव-साधनामा सर्वत्र शिव-दर्शन हुन्छ-

शिवो गुरुः शिवो वेदः शिवो देवः शिवः प्रभुः ।

शिवोऽस्म्यहं शिवःसर्वं शिवादन्यन्न किञ्चन ॥

(वराहोपनिषत् ३२)

(शिव नै गुरु, वेद, देवता र मालिक हुनुहुन्छ । म पनि शिवरूप नै हुँ, शिवदेखि भिन्न कुनै केही छैन, सर्वत्र शिव नै शिव हुनुहुन्छ ।)

यसरी सर्वत्र शिव-दर्शन गर्नु र आफूलाई शिवरूप, शिवमय मान्नु, जान्नु र हुनुनै शिव-साधनाको अन्तिम लक्ष्य हो, अन्तिम संप्राप्ति हो ।

५. 'अभेद दर्शनं ज्ञानं' (अभेददृष्टिनै वास्तवमा ज्ञान हो ।)' शिव विष्णु आदिमा तात्विक अन्तर छैन तर पनि शिवोपासनामा, शिव साधनामा, शिवभक्तिमा शिवकै मात्र चिन्तन हुन्छ, शिवकै मात्र पूजा-आराधना हुन्छ । आफूलाई शिव मानेर आरम्भ गरिएकोशिवपूजा,शिवध्यान,शिवयोग,शिवसमाधि, शिवयज्ञ आफूलाई शिवदेखि अभिन्न, अद्वैत मानेर समाप्त हुन्छ । अतः शिवनै जीवको वास्तव स्वरूप भएकाले 'ॐ नमः शिवाय' बाट आरम्भ भएको शिव साधना 'शिवोऽहं' भन्ने साक्षात् अनुभव भएपछि पूर्णतामा पुग्छ । यही नै हाम्रो अन्तिम निष्कर्ष हो ।

- शिवमस्तु-

मृतं शरीरमुत्सृज्य काष्ठलोष्ठसमं क्षितौ
विमुखा बान्धवा यान्ति धर्मस्तमनुगच्छति

(मनुस्मृति)

मान्छेको मरेको शरीरलाई काठ र पत्कर जस्तै भुइँमा छोडेर मृतकका बान्धवहरू फर्कन्छन् तर मृतकले गरेको धर्म चाहिं उसका पछि पछि जान्छ ।

हामीले नेपाललाई नै धार्मिक कर्मक्षेत्र मानेका छौं

जगद्गुरु शङ्कराचार्य श्री जेयेन्द्र सरस्वती स्वामीगल

(पशुपति क्षेत्र विकास कोषले दक्षिण भारतका विभिन्न मठ-मन्दिरको व्यवस्थापनको अध्ययनका लागि श्रीहेमन्तकुमार घिमिरे, भोलाप्रसाद सिटौला र रमेश कुमार उप्रेती समेत तीन जनाको टोली पठाएको थियो । सो टोलीले काञ्चीकामकोटी पीठाधिपति परमादरणीय जगद्गुरु शङ्कराचार्य श्रीजयेन्द्र सरस्वती स्वामीगलसंग काञ्चिपुरम्मा भेट गर्ने सुअवसर प्राप्त गरेको थियो । भेट-घाटका अवसरमा स्वामीजीसंग सनातन हिन्दू धर्मको संरक्षण, संवर्धन तथा कोष र मठका बीचको सम्बन्ध एवम् अन्य सान्दर्भिक विषयमा विंस्तृत कुराकानी भएको थियो । टोलीका सदस्यहरूका सौजन्यबाट प्राप्त भएको टेप वार्तालाई पाठकहरूका लागि प्रश्नोत्तरका रूपमा यहाँ प्रस्तुत गरेका छौं -सम्पादक)

कोष- स्वामीजी ! शीत युद्धको समाप्ति पछि वर्तमान विश्वमा जाति, धर्म, सम्प्रदायका संकीर्ण भावनाहरू बढेर विश्व तनावग्रस्त एवं अशान्त बन्न गएको छ । यस परिस्थितिमा विश्वमानवता, विश्वबन्धुता र विश्वशान्तिका लागि सनातन हिन्दू धर्मले वर्तमान विश्वलाई कसरी आलोकित गर्न सक्छ ?

स्वामीजी- वर्तमान विश्वमा विभिन्न देशहरूले आर्थिक, शैक्षिक र जनताका आधारभूत आवश्यकताका क्षेत्रमा प्रशस्त प्रगति गरेका छन् तर राजनीतिक क्षेत्रमा भने यदाकदा केही गडबडी भइरहेको देखिन्छ । जनतालाई खराब मार्गबाट सुमार्गमा उत्प्रेरित गर्ने, शिक्षा दिने व्यक्तित्व नभएको, खराब मार्गमा लाग्नेलाई दण्डित गर्ने व्यवस्था प्रभावशाली नभएको हुँदा जनतामा धर्म र अध्यात्मका क्षेत्रमा श्रद्धा कम भएको पाइन्छ । हिन्दू संस्कृतिमा "यथा राजा तथा प्रजा" भन्ने मान्यता छ । प्राचीन कालमा राजाकै आचार, विचार र चरित्रको अनुसरण गरेर प्रजाहरू सच्चरित्र र अनुशासित हुन्थे । जनक्रान्तिका लहरसंगै विश्वको राज्यव्यवस्थामा पनि परिवर्तन आयो । प्रजातान्त्रिक व्यवस्था राम्रो व्यवस्था हो तर जनतामा आत्मानुशासनको भावना प्रबल नहुँदासम्म केही खराबीहरू पनि देखिन्छन् । प्रजातन्त्रमा नेताहरू र शासकहरूको चरित्र, आचरण, विचार अनुशासित र राम्रो हुनुपर्छ अनि जनतामा पनि अनुशासन हुन्छ। अनुशासन कायम गर्न शासन व्यवस्थाले धेरै खुकुलो पनि बन्नु हुन्न । प्रजातन्त्रमा बिस्तारै जनताले नै त्यसको व्यवस्था गर्छ । राजनीतिमा बढी अनुभव नभएका र चरित्र राम्रो नभएका काँचा व्यक्तिहरूको बाहुल्य भयो भने राजनीति दूषित हुन्छ अनि देश र जनताले कष्ट भोग्नु पर्छ । यसरी दुःख-कष्ट भोगेपछि जनता आफैं सचेत हुन्छ

र राजनीतिमा अनुभवी एवं चरित्र राम्रो भएका व्यक्तिहरू जान्छन् अनि धर्मका आधारमा राम्रो तरिकाले काम गर्छन् । हाम्रो भारतीय सनातन धर्मका इतिहासमा यस्ता उदाहरण प्रशस्त पाइन्छन् । हिरण्यकशिपु, कंश, रावण जस्ता शासकहरू धर्म-विपरीत हुनाले देशको परिस्थिति नराम्रो भयो, जनताले दुःख पायो अनि जन-चेतना जागृत भयो, धर्म विरोधी शासकको पतन भयो, राज्यव्यवस्थामा परिवर्तन भयो । यो त एक प्रकारको प्रकृतिको नियमित परिवर्तन-चक्र पनि हो । बिहान सूर्य उदाउँछन्, दिउँसो खुब तेजस्वी हुन्छन् अनि साँझपख शान्त भएर अस्ताउँछन्। यो सधैं घुमिरहने चक्र हो। "एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः" यो संसार चक्रको स्वभाव हो। राजनीतिको पनि यस्तै चक्र हुन्छ। सधैं धर्मनाश मात्र हुँदैन; धर्मको संर-क्षण र विकास पनि हुन्छ। हाम्रो धर्मका मान्यताहरू शाश्वत् छन्। विश्वमा यदा-कदा देखिएको तनावले धर्मका शाश्वत् मान्यतालाई सधैं प्रभावित गर्न सक्तैन । यो त क्षणिक हावाको झोक्का हो, एकछिन् हल्लाउन सक्छ तर तुरुन्तै ठीक पनि हुन्छ। हामीले क्षणिक, अस्थायी र अशाश्वत् कुरामा लाग्नु र अल्मलिनु हुँदैन ।

कोष- स्वामीजी ! वैयक्तिक संकीर्ण स्वार्थले अन्धो बनेको वर्तमान विश्वमा "वसुधैव कुटुम्वकम्" को भावनालाई कसरी विस्तार गर्न सकिन्छ ?

स्वामीजी - "वसुधैव कुटुम्वकम्" सारा विश्व-ब्रह्माण्ड नै एक परिवार हो भन्ने उदारतापूर्ण विश्व बन्धुताको भावना हाम्रो मनमा र केही न केही व्यवहारमा पनि छ। हामी व्यक्ति-व्यक्ति भएर पनि परिवारमा आबद्ध छौं; परिवार-परिवार हुँदै एउटा गाउँ त्यसभन्दा माथि जिल्ला र सिङ्गो रूपमा राष्ट्रसंग आबद्ध भएर सोच्छौं र काम पनि गर्छौं। यो भन्दा अझ फराकिलो, अझ उदार अझ आदर्श भावना हो "वसुधैव कुटुम्वकम्" को भावना । संकीर्णता-विस्तीर्णता, सुख-दुःख यी सारा मनका कुरा हुन्, भावना पनि मनको कुरो हो । हाम्रो सनातन धर्ममा "सर्वे भवन्तु सुखिनः" सबै मानिस यद्वा विश्व ब्रह्माण्डका प्राणी सबै सुखी होऊन् भन्ने आदर्श एवं उदारभाव छ। यो भावना व्यक्तिगत संकीर्णताभन्दा माथि उठेर हामीभित्र क्रियाशील बनेको छ । यसलाई हामीले हाम्रा सनातन धर्मका महान् आदर्शसंगै विश्वमा व्यापक रूपमा प्रचार गर्नु पर्छ। यो हाम्रो आदर्श, मान्यता र प्रार्थना पनि हो । यसलाई पूर्णतः क्रियात्मक रूप दिन केही कठिन भएपनि हामीले यस उदार भावनालाई कर्ममा ल्याउने प्रयास गर्दै जानुपर्छ ।

कोष- स्वामीजी ! नेपाल विश्वमा एकमात्र राजतन्त्रात्मक हिन्दू राष्ट्र हो। यसले हिन्दू धर्मको संरक्षण र सम्वर्धनमा के कस्तो भूमिका निर्वाह गर्नु पर्छ भन्ने स्वामीजीले सोच्नु भएको छ अनि नेपालका वर्तमान गतिविधिलाई स्वामीजीले कसरी हेर्नु भएको छ ?

स्वामीजी - संसारमा नेपाल एक मात्र हिन्दू राष्ट्र हो जहाँ राजा परम्परा र परम्पराप्रेमी राजा छन् अर्थात् जहाँको संस्कृतिको अभिन्न

अङ्ग राजा छन् अनि जो धर्म र संस्कृतिका प्रेमी पनि छन् । यो कुरा हामी समस्त हिन्दूहरूको, सनातन धर्मावलम्बीहरूको गौरवको विषय हो । नेपालको जनता धर्मप्रेमी र सभ्य छ। जनताको राजामाथि र राजाको जनतामाथि अनि दुवैको धर्ममाथि अगाध आस्था र विश्वास छ । यसैले हिन्दू सनातन धर्मको अद्वितीय देश हो. नेपाल तर अचेल नेपालमा धर्म परिवर्तन गर्ने-गराउने, सरल नेपाली जनतालाई विधर्ममा प्रवृत्त गराउने जस्ता गतिविधि बढेको सुन्दा ज्यादै दु:ख लागेको छ । विधर्मीहरूको गतिविधि बढ्नु हिन्दू राष्ट्र नेपालका लागि पटक्कै मिल्ने कुरा होइन र यसको परिणाम प्रति सायद कसैले पनि गम्भीर रूपमा सोचेकै छैन । धर्म नष्ट हुँदा राष्ट्रको गरिमा र अस्तित्व पनि नष्ट हुन्छ । हिन्दूधर्मको संरक्षण र संवर्धनका सन्दर्भमा नेपाल संसारभरिकै हिन्दूहरूको आस्थाको केन्द्र हो । यसमा समयमै ध्यान दिनु पर्छ। राज्य सञ्चालनमा, राजनीतिमा सबैलाई समान व्यवहार गर्ने भनिन्छ । यसले गर्दा केही खुकुलोपन आउँछ र विधर्मीले पनि छुट पाएका हुन सक्तछन् तर नेपालको जनताले यस विषयमा चनाखो हुनुपर्छ । वास्तवमा जनता नै धर्म र राष्ट्रको पनि रक्षक हो । आफ्नो राष्ट्रको गरिमा तथा धर्म र संस्कृतिका महनीय मान्यतालाई जोगाउने तथा अविच्छिन्न राख्ने प्रमुख दायित्व नेपाली जनताको हो । धर्म जनताका लागि हो, यसैमा उसको अस्तित्व र कल्याण पनि छ । राजनीतिलाई र सरकारलाई पनि धर्मयुक्त मार्गमा लैजाने काम जनताकै हो ।

कोष- भारत धर्म निरपेक्ष राष्ट्र हो तर यहाँ स्वामी शङ्कराचार्य परम्पराका पीठ तथा पीठाधिपति शङ्कराचार्यहरूले हिन्दू धर्मको संरक्षण र सम्बर्धनमा विशेष योगदान दिइरहनु भएको छ । नेपाल धर्मसापेक्ष राष्ट्र हो । नेपालमा हिन्दू धर्मको संरक्षणमा शङ्कराचार्य मठ खास गरी काञ्ची कामकोटी मठबाट कसरी सहयोग हुन सक्छ ?

स्वामीजी - धर्म निरपेक्षता भारतको राजनीति हो, जनताको विचार होइन । भारतमा पनि धर्ममा आस्था राख्ने जनसंख्या धेरै छ । राजनीति गर्नेहरू पनि महात्माहरूबाट आशीर्वाद लिएर काम गर्दछन् र गर्दै पनि छन् । नेपाल त धर्म सापेक्ष हिन्दू राष्ट्र हो र यो हिन्दू राष्ट्रकै रूपमा रहनु पर्छ । लण्डन, अमेरिका, जापान, गल्फ देश लगायत विश्वमा यस्ता धेरै देशहरू छन् जहाँ जुनसुकै धर्म मान्ने पनि बस्न सक्छन् तर देशले आ-आफ्नो धर्मकै नामबाट काम गरेको देखिन्छ । भारतमा पनि सर्वधर्मवालाहरू बस्तछन् तर धर्म सापेक्ष हुने नहुने कुरा राजनीतिको कुरा हो । नेपाल त हिन्दू राष्ट्रका रूपमा उद्घोषित छ अनि त्यहाँ धार्मिक समन्वयको स्थिति पनि छ । यो ज्यादै राम्रो हो । म पनि दुइपटक नेपाल गएको छु । नेपालको जनता, सरकार, धार्मिक संघ-संस्था, व्यापारी र भक्तजनहरूले मलाई प्रशस्त आदर-सम्मान गरेको कुरा संझनामा ताजै रहेको छ । धार्मिक दृष्टिले नेपाल हाम्रो प्रमुख स्थान हो तर भारतमा भन्दा भिन्न परिवेश भएकाले हामीलाई काम गर्न केही असजिलो अनुभव हुनु अस्वाभाविक होइन । त्यसैले मठले त्यहाँ

धर्मशाला बनाउने कार्यक्रम राखेको छ। सो धर्मशाला बनेपछि मठलाई काम गर्न सजिलो हुन्छ । मठले नेपालमा धार्मिक सद्भावनाका रूपमा धर्म, शिक्षा र चिकित्साका क्षेत्रमा काम गर्ने इच्छा राखेको छ । मठद्वारा गरिने काम नेपाल राष्ट्र र नेपाली जनताको चाहना अनुसार हुने छन् । हामीले नेपाललाई नै धार्मिक कर्मक्षेत्र मानेका छौं । हाम्रो मन, सद्भाव र आशीर्वाद सधैं हिन्दू राष्ट्र नेपालप्रति छ ।

कोष- भारतका मठ-मन्दिरको व्यवस्थापनमा विविधता भए पनि खास गरी दक्षिण भारतका मठ-मन्दिरको व्यवस्थापनलाई संस्थागत रूप दिएको देखिन्छ। नेपालमा पनि पशुपतिनाथ मन्दिर क्षेत्रलाई संस्थागत रूपमा विकसित गर्न पशुपति क्षेत्र विकास कोषको गठन भएको छ । अझ पनि त्यहाँ परम्परागत मान्यता नै प्रबल रहेको हुँदा पूजा-अर्चना तथा तीर्थयात्री सुविधा विस्तारका लागि के कसरी कार्य गर्न परामर्श दिनु हुन्छ ?

स्वामीजी - भगवान् एकै भए पनि मन्दिर भिन्न हुन्छन् अनि पूजाको पद्धति पनि देश, काल, परिस्थिति अनुसार फरक हुन सक्छ। सबै मन्दिरमा संस्था वा समिति बनाएर काम गर्नु राम्रो हो । संस्थाले मठ-मन्दिरमा काम गर्नेलाई प्रशिक्षण दिनु पर्छ। गल्ती हुनु, खराब हुनु मानव स्वभाव हो तर त्यसलाई कम गर्ने, सुधार गर्ने प्रयास हुनुपर्छ । मन्दिर व्यवस्थापनमा योग्य व्यक्तिको छनौट हुनुपर्छ, व्यक्तिको चरित्र स्वच्छ र आचरण मर्यादित हुनुपर्छ, शिक्षा राम्रो हुनुपर्छ अनि संस्थाले, कोषले कम्तीमा एक-दुई महिनाको प्रशिक्षण कार्यक्रम चलाउनु पर्छ। प्रशासनले मात्र सबै काम गर्छ भन्नु ठीक होइन। प्रशासनले त विधि-नियमको काम गर्छ । मन्दिर र त्यसको व्यवस्थापनसंग जनताको ज्यादा सम्पर्क हुनु राम्रो हो । कुनै काममा त्रुटि भए वा व्यवस्थापनमा कंजोरी भए जनतालेनै आवाज उठाउने स्थिति हुनु पर्छ। जनता र मन्दिरका बीचमा घनिष्ठ सम्वन्ध भएमा व्यवस्थापन राम्रो हुन्छ । कोषले जनताको श्रद्धा र चेतना अभिवृद्धि हुने काम गर्नु पर्छ। दक्षिण भारतमा पनि यस्तै गर्ने व्यवस्था छ ।

कोष- स्वामीजी ! काञ्ची कामकोटी शङ्करमठले पशुपति क्षेत्रमा धर्मशाला बनाउन चाहेको र सो सम्बन्धमा संझौता भई काम पनि शुरू भइरहेको छ। शङ्कर मठ र कोष दुबै संस्थाले मिलेर नेपालमा, पशुपति क्षेत्रमा के कस्ता कार्य गर्न सकिन्छ ?

स्वामीजी - दुवै संस्थाको लक्ष्य एकै हो- सनातन हिन्दू धर्मको संरक्षण र संबर्धन। दुवैको उद्देश्य पनि स्पष्ट छ- दुवै मिलेर धर्म प्रचार गर्ने । पशुपति क्षेत्रमा मठले धर्मशाला बनाए पछि आउने-जाने तीर्थयात्री हरूलाई सुविधा हुन्छ । यसका साथै भारतका प्रसिद्ध मठ-मन्दिरहरू र नेपालका प्रसिद्ध मठ मन्दिर एवं धार्मिक स्थलका सम्वन्धमा तीर्थ यात्रीहरूलाई जानकारी दिने, प्रचार प्रसार गर्ने, तीर्थाटनको व्यवस्था गर्ने जस्ता कार्यहरू पनि गर्न सकिन्छ । राजनीतिका कुरालाई छोडेर अन्य धार्मिक क्षेत्रका कुराहरूमा दुवै संस्थाले मिलेर एक मतले काम गर्न सक्छन् । पशुपति क्षेत्र विकास कोषका जति पनि समस्याहरू

छन् तिनका समाधानका सम्वन्धमा पनि कोषलाई मठले सहयोग गर्न सक्छ। भारत र भारत वाहिरका धार्मिक संस्थाहरूवाट पनि सहयोग प्राप्त गर्न सकिन्छ।

कोष- स्वामीजी ! समाजमा धार्मिक भावना विस्तार गर्न र भावनात्मक परिवर्तन गर्न के कस्ता कार्यक्रमहरू सञ्चालन गर्न उपयुक्त हुन्छ ?

स्वामीजी - धार्मिक भावनाको विस्तारका लागि, समाजको भावनात्मक स्थितिमा परिवर्तन ल्याउनका लागि बच्चैदेखि तयार गर्दै जानु पर्छ। समाजको वयस्क पुस्तालाई चाहे जसरी बदल्न कठिन हुन्छ। गाउँ-गाउँमा, मन्दिर -मन्दिरमा धर्मका समितिहरू बनाउनु पर्छ र परिवेशका बच्चालाई विदाका समयमा मन्दिर वा कुनै स्थानमा भेला गरेर आफ्नो धर्म, संस्कृति तथा आचार-विचारको वारेमा ज्ञान दिनु पर्छ। राम नवमी, कृष्णाष्टमी जस्ता धार्मिक पर्वहरूमा पनि उनीहरूलाई सहभागी बनाउनु पर्छ प्रार्थना, भजन, कीर्तन, सभा, वक्तृता, लेखन, कथन जस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। विद्यालयको नियमित शिक्षामा पनि बच्चालाई बोझ नहुने गरी मिलाएर यस्ता कार्यक्रम राख्न सकिन्छ। धर्म, अध्यात्म र संस्कृतिका क्षेत्रमा वच्चादेखि नै तयार गर्नुपर्छ। भारतमा पनि हामी यसरी नै काम गर्दछौं। पुरानो पुस्ता जाँदै छ र नयाँ पुस्ता उदाउँदै छ। नयाँ पुस्तालाई बच्चैदेखि प्रशिक्षण दिनु पर्छ। यसो गर्दा नेपालमा सनातन धर्मको विकास हुन्छ; धर्मको रक्षा हुन्छ।

कोष- स्वामीजी ! पशुपति क्षेत्रमा आध्यात्मिक विकाससंग-संगै भौतिक विकास पनि प्रशस्त गर्नुछ। भौतिक विकासमा अरबौं खर्च हुन सक्छ। यस क्षेत्रमा सहयोग परिचालन कसरी गर्न सकिन्छ ?

स्वामीजी- यस सम्बन्धी कति कुराहरू माथि चर्चा गरिएका छन्। मुख्य कुरा धर्मशाला तयार भएपछि आना-जाना र सम्पर्क बढ्छ अनि तीर्थ यात्री सबैलाई टेलिभिजन, भीं. डी. ओ. आदि श्रव्य-दृश्य साधनहरूद्वारा नेपालका मठ, मन्दिर, चाड-पर्व, शोभा यात्रा र सुविधा सम्बन्धी कार्यक्रम तथा भारतका पनि रामेश्वर, काशी, कन्या-कुमारी सम्मका मठ-मन्दिरको जानकारी दिने, प्रदर्शन गर्ने, प्रचार-प्रसार गर्ने, सत्सङ्ग एवं प्रवचनको व्यवस्था गर्ने, आध्यात्मिक एवं मानसिक परिष्कारका साथै दान-दातव्य र सहयोगका लागि पनि आव्हान गर्ने, यसो गर्दा आध्यात्मिक र भौतिक दुवै दृष्टिले विकास एवं विस्तारको कार्य हुन्छ, जनसहयोगको परिचालन पनि हुन्छ। मठ र कोष दुवै मिलेर यस्ता कामहरू गर्नु पर्छ। धार्मिक क्षेत्रमा कोषले गर्नु पर्ने कामका सम्बन्धमा मठवाट,भारत र अन्य देशबाट पनि हुन सक्ने सहयोगको व्यवस्था मिलाउन सकिन्छ। प्रथमतः गर्नुपर्ने काम, समस्या र समाधानका उपायहरूको सूचीकरण गरी कोषबाट, नेपालवाट र बाहिरबाट सहयोग आवश्यक हुने क्षेत्र छुट्याई कोष र मठ निरन्तर एकताका साथ काम गर्न सक्तछन्।

कोष- स्वामीजी ! नेपाली जनताका लागि स्वामीजीको आशीर्वाद स्वरूप कुनै सन्देश

पाउन सकिन्छ कि ?

स्वामीजी- नेपालीहरू धर्मप्रेमी छन् । नेपाली र भारतीयहरू सांस्कृतिक रूपमा सीता र रामका जन्मस्थलका निवासी हुन् । अयोध्या र जनकपुर एवं राम र सीताका बीचमा जस्तो सुमधुर सम्बन्ध भारतीय र नेपाली जनताका बीचमा छ । यो सम्बन्ध अविच्छिन्न छ, यसलाई कसैले पनि विच्छिन्न पार्न सक्तैन। पहाडी क्षेत्रको बाहुल्य भएको हुनाले नेपालले भारतको जति भौतिक उन्नति गर्न नसके पनि आध्यात्मिक रूपमा नेपाल धेरै उन्नत छ। नेपाली जनताले के कुरा बिर्सनु हुन्न भने जुन धर्म र संस्कृतिको देशमा आफूले जन्म लिएको छ, त्यो धर्म, त्यो संस्कृति र त्यो देश विश्वमा कोहीभन्दा कम छैन, महान् छ। आबालबृद्धवनिता सबै नेपालीले आफ्नो धर्म,संस्कृति र राष्ट्रप्रति श्रद्धा र आस्था राखेर कार्य गरी आफ्नो जीवनलाई धन्य बनाउनु पर्छ । तपाईंहरू पनि जो केही अध्ययन गर्न यहाँ आउनु भएको छ, यहाँको मठ-मन्दिरको व्यवस्थाको अध्ययन गर्नु होस् , तिरुपति गएर पनि अध्ययन गर्नुहोस् अनि नेपाल फर्किएर यहाँको अनुभवका आधारमा राम्रो काम गरी आफ्नो जीवन धन्य बनाउनुहोस् ।

ॐ नमः शिवाय

कल्याणमस्तु ।

शान्तितुल्यं तपो नास्ति नसन्तोषात् परं सुखम्
नतृष्णायाः परो व्याधिर्न च धर्मो दयासमः

(चाणक्य नीति)

शान्ति बराबर अर्को तपस्या छैन, सन्तोष बराबर अर्को सुख पनि छैन । न त तृष्णाभन्दा ठूलो अर्को रोग छ , न त दया बराबर अर्को कुनै धर्म नै छ ।

प्रतिपद अन्वयार्थ रुद्राष्टाध्यायी

- पं. लोकनाथ आचार्य

(रुद्राष्टाध्यायीको नेपाली भषामा प्रतिपद अन्वयार्थ, भावार्थ, गूढार्थ र तात्पर्यार्थ समेत खोलेर पं. लोकनाथ आचार्यले तयार गर्नु भएको नेपाली व्याख्याबाट प्रथम अध्याय यहाँ जिज्ञासु पाठकहरूका निमित्त प्रस्तुत गरिएको छ। वेद मन्त्रहरूको छपाइमा विभिन्न स्वर-चिन्हहरू समेत दिनु पर्नेमा यहाँका प्रेसहरूमा त्यस्ता चिन्ह अङ्कन गर्न सम्भव नभएकाले ती चिन्हहरू दिइएका छैनन् साथै ह्रस्व एवं दीर्घ स्वरसंग मिल्दा भिन्न रूप र उच्चारण हुने अनुस्वार स्थानीय वर्णलाई पनि यहाँ प्रेसकै कारणले दिइएको छैन। पं. लोकनाथले पूरै रुद्राष्टाध्यायीको नेपाली अनुवाद एवं व्याख्या गरिसक्नु भएको छ। पाठकहरूको अभिरुचि यसतर्फ बढेमा हामीले समग्र रुद्राष्टाध्यायीलाई क्रमशः छाप्तै जाने लक्ष्य राखेका छौं - सम्पादक)

प्रथम अध्याय

ॐ गणानान्त्वा गणपति ठं हवामहे प्रियाणान्त्वा प्रियपति ठं हवामहे निधीनान्त्वा निधिपति ठं हवामहे व्वसो मम। आऽहमजानि गर्ब्भधमा त्वमजासि गर्ब्भधम् ॥ १ ॥

अन्वयार्थ :

हे ब्रह्मणस्पते = हे ब्रह्मणस्पति, वयम्= हामी सबै, गणानाम्= कुष्माण्डादिगणका मध्येमा अथवा गणनीय पदार्थ समूहका मध्येमा, गणपतिम् = गणरूपले पालक वा मालिक हुनु भएका, त्वा= तपाईंलाई, हवामहे=आव्हान गर्छौं। प्रियाणाम्=इष्टमित्रादि प्रियजनहरूका मध्येमा, प्रियपतिम्= प्रियजनका मालिक वा प्रपिालक, त्वा=तपाईंलाई, हवामहे = आव्हान गर्छौं। निधीनाम्=पद्मादि निधिका मध्येमा, निधिपतिम्=विद्यादि सुखनिधिकारक्षक,त्वा=तपाईंलाई, हवामहे=आव्हान गर्छौं अर्थात् विघ्न शान्ति र भार्यादि प्रिय-लाभका लागि तपाईंलाई बोलाउँछौं। हे वसोः = हे सर्वस्वभूतदेव ! हे वसुरुप अश्व ! व्यापक भएर सम्पूर्ण जगत्मा निवास गर्ने हे प्रजापति ! त्वम्-=तपाईं, मम= मेरो, पति=रक्षक, भूयाः= हुनुहोस्। हे प्रजापतेः= हे प्रजापति ! गर्ब्भधम्= गर्भधारण गर्ने अर्थात् कर्मफल प्रजनन-सामर्थ्य भएको श्रद्धानामक जललाई, अहम्=म, आ अजानि=सवै प्रकारले आकर्षण गरेर फ्याँक्छु अर्थात् श्रद्धापूर्वक स्वीकार गरी फलोन्मुख गर्दछु। त्वम् च= तपाईं पनि, गर्ब्भधम्=गर्भधारण गर्ने जल अर्थात् उक्त श्रद्धा नामक जल-वीर्यलाई, आ अजासि=श्रद्धाले आकर्षण गरेर फ्याँक्नु हुन्छ, फलोन्मुख गर्नुहुन्छ। त्वम्-तपाईं (गर्भसमान सम्पूर्ण संसारलाई धारण गर्ने, आफ्नै शक्तिले जगत्को अनादि कारण-गर्भलाई धारण गर्ने, सम्पूर्ण मूर्तिमान् पदार्थहरूका रचयिता हुनुहुन्छ) त्यस्ता तपाईंलाई, आ-सवै प्रकारले (प्रयत्नपूर्वक) अजानि=सन्मुख गर्छु। गर्ब्भधम् =तपाईं सबै जगत्को तत्त्व पदार्थमा गर्भरूप बीजलाई धारण गर्ने हुनुहुन्छ। आ=सवै किसिमले अजासि=(अज+असि) अजन्मा हुनुहुन्छ र सवै कुरा जान्नु हुन्छ, सन्मुख हुनुहुन्छ ॥ १ ॥

तात्पर्य :

पुत्र-पौत्रादिप्रिय जन, रत्नादि ऐश्वर्य, सुख-शान्ति र त्यसको पात्र, सर्वत्र सत्ता र आधिपत्य ईश्वर (ब्रह्म) को छ। समष्टि एवं व्यष्टि रूपमा जीवमात्रको आत्मा र आदिकारण स्वरूप, प्रिय एवं प्रियवस्तुजातका प्रधान नेता, स्वामी, सकल भौतिक, प्राकृतिक मणिमाणिक्यादि ऐश्वर्य, सुख-शान्तिको स्वरूपभूत, उत्पति-विनाश रहित 'ब्रह्म' र जीव-जगत्को सम्बन्ध एवं प्रत्यक्षब्रह्मोपासना तथा त्यसको अधिकारीको विषय-सम्बन्ध यसमा दर्शाइएको छ। यसरी उपासकले उपास्य देवलाई प्रत्यक्ष आत्मसात् गरेर स्वागत (आव्हान) गर्नुपर्दछ, त्यही अधिकारी सुख-शान्तिको पात्र मानिन्छ । यो मन्त्र अश्वमेघ-प्रकारणमा आउँछ। अश्वमेघ शब्दको अर्थ राज्यपालन गर्नु भन्ने हुन्छ। राज्य प्रकरणमा राजा र प्रजा दुवै मिलेर धर्म, अर्थ, काम, मोक्ष यी चतुर्वर्ग सिद्धिका लागि प्रयत्न गर्नु पर्दछ। यसो गर्नाले सुख-शान्ति प्राप्त हुन्छ। सुख शान्ति र स्वर्गीय आनन्दानुभूति स्वतः प्राप्त हुँदैन, त्यसको लागि शासक, शासित दुवै, फलसिद्धि पर्यन्त लाग्नु, जुट्नु, आवश्यक छ भन्ने कुरा पनि यस मन्त्रको मर्म हो ॥ १ ॥

गूढार्थ :

ईश्वर उत्पत्ति-विनाश रहित, गणपति, धनपति, प्रियपति, गणस्वरुप, धन-ऐश्वर्य-स्वरुप, प्रियस्वरूप, सुख-शान्स्विरूप तथा उपास्य-उपासकस्वरूपले प्रत्यक्षाप्रत्यक्ष 'ब्रह्म' नै हो र ब्रह्म नै प्रधान नेता, अधिपति वा मालिक हो। जीवजगत्को धारक-पोषक एवं प्रकाश्य-प्रकाशक पनि ब्रह्म नै हो ॥ १ ॥

भावार्थ:

हे प्रजापति ! हे गणेश्वर ! हामी कुष्माण्डादि गणका मालिक अथवा गणनीय पदार्थका मालिक तपाईंलाई बोलाउँछौं, इष्टमित्रादि प्रियजन परिपालक तपाईंलाई बोलाउँछौं, पद्मादि निधिमध्ये सुखनिधिका प्रतिपालक तपाईंलाई बोलाउँछौं अर्थात्-विघ्नशान्ति र भार्यादि प्रियजन प्राप्तिका लागि हामी तपाईंको स्तुति गर्छौं। हे सर्वस्व-धन प्रभु ! हजुर हामीहरूको पालक हुनुहुन्छ । हजुरले मलाई प्रकट गर्नु भयो । जीव गर्भद्वारा प्रकट हुन्छ तर हजुर स्वतन्त्र रुपले प्रकट हुनुहुन्छ । हजुरबाट सम्पूर्ण जगत्को उत्पत्ति हुन्छ । हजुर मेरो आत्मा र उपास्यदेव हुनुहुन्छ, म हजुरलाई प्रत्यक्षाप्रत्यक्ष आत्मसात् गर्छु ।

गायत्रीत्रिष्टुब्जगत्यनुष्टुप्पङ्क्त्या सह ।

बृहत्युष्णिहा ककुप्सूचीभिः शम्म्यन्तु त्वा ॥ २ ॥

अन्वयार्थ:

हे अश्वरूप प्रजापति ! गायत्री= गान गर्ने वा जपानुष्ठान गर्नेको रक्षक (२४ अक्षरको) गायत्री छन्द, त्रिष्टुप्=त्रितापरोध (४४ अक्षरको) त्रिष्टुप् छन्द, जगती= जगत्मा (४८ अक्षरको) जगती छन्द, अनुष्टुप्= ३२ अक्षरको) अनुष्टुप्छन्द, पंक्त्या=पंक्ति (४० अक्षरको) छन्दले, सह=सहित भएको, बृहती (३६ अक्षरको) बृहतीछन्द उष्णिहा=प्रभात प्रियकारी (२८ अक्षरको) उष्णिक् छन्द, ककुप्=राम्रो पदार्थ-युक्त ककुप्छन्द र सूचीभिः=सुइरा अथवा सूक्तिहरूद्वारा त्वा (त्वाम्)=तपाईंलाई, शम्म्यन्तु=शान्त गरून् वा स्तुति गरून् ॥ २ ॥

भावार्थ:

गायत्री, त्रिष्टुप्, जगती, अनुष्टुप्, पंक्ति, बृहती, उष्णिक्, ककुप् यी सबै छन्दद्वारा सबै दिशामा राम्रा-राम्रा उक्तिले सबैले स्तुति गर्दछन्। पक्षान्तरमा सूची नाम प्रजाको र अश्वमेध नाम राष्ट्रको हो, यसले राम्ररी राष्ट्रलाई परिचालन गर्दछ भनी राज्यपक्षमा (श. १३।२।१०।२) वर्णन गरिएको छ ॥ २ ॥

द्विपदा याश्चतुष्पदा स्त्रिपदा याश्च षट्पदाः ।

विच्छन्दा याश्च सच्छन्दाः सूचीभिः शम्म्यन्तु त्वा ॥ ३ ॥

अन्वयार्थ :

याः=जो, द्विपदाः=दुई पद भएका, चतुष्पदाः=चार पद भएका, त्रिपदाः= तीनपद भएका, च=र याः=जो, षट्पदाः = छपद भएका, विच्छन्दाः = छन्दलक्षणले हीन भएका, च= र, याः =जो, सच्छन्दाः = छन्दलक्षणले युक्त भएका (पनि) सूचीभिः=सूचीहरू (सूक्तिहरू) द्वारा त्वा(त्वाम्)=तपाईंलाई नै शम्यन्तु=शान्त गरून् ॥ ३ ॥

भावार्थ :

दुई पद भएका, तीन पद भएका, चार पद भएका, छ पद भएका तथा छन्द लक्षणले युक्त एवं छन्दलक्षणहीन भएका जति छन्द छन्, ती सम्पूर्ण छन्दले सूक्तिहरूद्वारा हजुरलाई शान्त, एवं संस्कार गरून् अर्थात् यी सम्पूर्ण छन्दोच्चारणले तपाईंमा शान्ति आओस् ॥ ३ ॥

तात्पर्य :

हे भगवान्! दुई पाउ भएका मनुष्य आदि, चार पाउ भएका गाई-भैंसी आदि र तीन पाउ भएका पराधीन र स्वाधीन सबै प्राणीहरू राम्रा-राम्रा उक्तिद्वारा हजुरको स्तुति गर्दछन् ॥ ३ ॥

सहस्तोमाःसहछन्दसऽआवृतःसहप्रमाऽऋषयःसप्त दैव्याः ।

पूर्वेषाम्पन्था मनुदृश्य धीराऽअन्वा लेभिरे रथ्यो न रश्मीन् ॥ ४ ॥

अन्वयार्थ :

सहस्तोमाः=त्रिवृत्पञ्चदशादि स्तोमहरूले सहित, सहछन्दसः =गायत्री आदि छन्दहरू सहित, आवृतः=यज्ञपरिमाणज्ञान-कर्मले सहित, सहप्रमाः= यज्ञीय-शब्दपरिमाणपरीक्षाले युक्त भएका, धीराः= धैर्यशाली अर्थात् बुद्धि सम्पन्न । दैव्याः =प्रजापति सम्बन्धी अथवा प्रजापतिका प्राणाभिमानी दिव्य, सप्त=सात, ऋषयः=ऋषिहरूले, पूर्वेषाम्=अङ्गिरादि पूर्वकल्पमा उत्पन्न भएका महर्षिहरूको अथवा विश्वसृष्टि गर्ने देवताहरूको, पन्थाम्=बाटोलाई, अनुदृश्य=हेरेर वा विचार गरेर, अन्वालेभिरे=सृष्टियज्ञ गरे । न= जसरी, रथ्यः=सारथीले, (इष्टदेशमा प्राप्त हुनको लागि रश्मीन्=लगामहरूलाई, (स्पृशति=स्पर्श गर्छ) अर्थात् लगाम समातेर इष्टदेशमा जान्छ र लक्ष्यसिद्धि गर्छ, त्यसैगरी सप्तर्षिहरूले इष्टकर्मपूर्ण गरे ॥

भावार्थ :

त्रिवृत्पञ्चदशादिस्तोमले सहित, गायत्री अदि छन्द र यज्ञपरिमाण जान्ने, शब्द प्रमाणपरीक्षाले युक्त, कर्मानुष्ठानमा तत्पर, बुद्धिसम्पन्न, प्रजापति सम्बन्धी वा प्रजापतिका प्राणाभिमानी मन्त्रद्रष्टा ऋषिस्थानिक चक्षुरादि अथवा भरद्वाज, कश्यप, गौतम, अत्रि, विश्वामित्र, जमदग्नि, वशिष्ठ यी सप्तर्षिहरूले पूर्वज अङ्गिरा, मरीचि आदि महर्षि आदिले अनुष्ठित मार्गको अनुसरण गरेर अर्थात् पहिलेका ऋषिहरूले जसरी रचना गरेका थिए, त्यसैगरी सृष्टिकार्य सुचारू रूपले चलाउन सुसम्वद्ध तरिकाले इष्टदेशमा पुग्नको लागि सारथीले रथमा नारिएका घोडाको लगाम समाई लक्षित देशतर्फ प्रस्थान गरेझैं ती ऋषिहरूले सृष्टि-यज्ञ निर्माण गरे ॥ ४ ॥

यज्जाग्रतो दूरमुदैति दैवन्तदुसुप्तस्य तथैवैति ।

दूरङ्गमञ्ज्योतिषाञ्ज्योतिरेकन्तन्मे मनः शिवसङ्कल्पमस्तु ॥ ५ ॥

अन्वयार्थ :

यत्=जुन मन, जाग्रतः=व्युँझैरहेको मानिसको, दूरम्=टाढा, उदैति=प्राप्त हुन्छ, टाढा रहन्छ। यत्=जुन मन, दैवम्=प्रकाशक वा ग्राहक भएर रहेको छ। तत् उ = त्यो नै मन, सुप्तस्य=सुतेको पुरुषको, तथैव= त्यसैगरी, एति=जान्छ। यत्=जुन मन, दूरङ्गमम्=भूत, भविष्य, वर्तमान, विप्रकृष्ट र व्यवहित पदार्थलाई ग्रहण गर्ने दूरदेशगामी छ, यच्चमनः=जुन मन,

ज्योतिषाम्=प्रकाशक श्रोत्रादि इन्द्रियहरूको, एकम्=एउटा , ज्योतिः=प्रकाशक अर्थात् प्रवर्तक भएर रहेको छ । (मनको सम्बन्ध विना कुनैपनि इन्द्रिय गतिशील हुँदैनन्, अत एव मन सम्पूर्ण इन्द्रियको परिचालक हो) तत्=त्यो, मे= मेरो, मनः=मन, शिवसङ्कल्पम्= कल्याणकारी संकल्प भएको अर्थात् धर्मविषयमा तत्पर, अस्तु= होओस् ॥ ५॥

भावार्थ :

जुन मन जागा रहेको मानिसको चक्षुरादिको अपेक्षा दूरगामी हुन्छ,जुन द्युतिमान्, प्रकाशक विज्ञआत्माको ग्राहक छ, त्यही मन सुति रहेका मानिसको सुषुप्ति अवस्थामा पनि जसरी आएथ्यो, उसै गरी नै जान्छ । जुन दूरगामी मन भूत, भविष्य र वर्तमानमा लुकेछिपेको यावत् पदार्थलाई ग्रहण गर्छ, जान्दछ , त्यो मन इन्द्रियको एउटै मात्र ज्योति (प्रकाशक) हो । मनले नै सम्पूर्ण इन्द्रियलाई गतिशील बनाउँदछ। आत्माको सम्बन्ध मनसँग, मनको सम्बन्ध इन्द्रियसंग र इन्द्रियको पदार्थसंग सम्बन्ध (संयोग) हुन्छ । मनसंगको सम्बन्ध विना इन्द्रियको प्रवृत्ति हुँदैन । त्यस्तो मेरो मन कल्याणकारी, सत्य संकल्प भएको होओस् अर्थात् मेरो मनमा सधैं धर्म र धर्मका विषयमात्र रहून्, पाप र पापका विषय मेरो मनमा नरहून् ॥ ५ ॥

येन कर्म्माण्यपसो मनीषिणो यज्ञे कृण्वन्ति व्विदथेषुधीराः ।

यदपूर्वं यक्षमन्तः प्प्रजानान्तन्मे मनः शिवसङ्कल्पमस्तु ॥६ ॥

अन्वयार्थ :

अपसः=कर्मानुष्ठानमा तत्पर, धीराः=बुद्धिसम्पन्न (धैर्यशाली) मनीषिणः=तीक्ष्ण बुद्धि भएका पुरुषहरू, यज्ञे=यज्ञकर्ममा, येन=जुन मनले, कर्माणि=यज्ञकर्महरू, कृण्वन्ति=गर्दछन् । यत्= जुन मन, प्रजानाम्= प्राणीमात्रको, अन्तः = शरीर भित्र, आस्ते= रहेको छ, (अरू इन्द्रिय बाहिर रहन्छन्, मन चाहिं भित्री इन्द्रिय हो) विदथेषु=यज्ञीय हवि आदि पदार्थहरूको ज्ञानमा, यत्=जुन मन, अपूर्वम्=सबैभन्दा पहिलो अथवा आत्मरूप छ र यक्षम्=यजनीय वा पूजनीय भावले रहेको छ, तत्=त्यस्तो, मे=मेरो, मनः=मन, शिवसङ्कल्पम्= कल्याणकारीसंकल्पले युक्त, अस्तु=होओस् ॥ ६ ॥

भावार्थ :

कर्मानुष्ठानमा सदा तत्पर,बुद्धिसम्पन्न, मेधावीजनहरू जुन मनले सहित भएर उत्तम यज्ञकर्म गर्दछन्, जुन मन प्राणीमात्रको शरीर भित्र रहेको छ, (अन्य इन्द्रिय बाह्य हुन्) हवि आदि यज्ञीय पदार्थ ज्ञानमा जुन मन अपूर्व (सबै भन्दा पहिलो) आत्मरूप र पूजनीय भावले रहेको हुन्छ, त्यो मेरो मन कल्याणकारी संकल्पले युक्त होओस्, धर्मको विषयबाट विमुख नबनोस् ॥ ६ ॥

यत्प्रज्ञानमुत चेतो धृतिश्च यज्ज्योतिरन्तर मृतम्प्रजासु । यस्मान्नऽऋते किञ्चन कर्म्म क्रियते तन्मे मनः शिवसङ्कल्पमस्तु ॥ ७ ॥

अन्वयार्थ :

यत् (मनः)=जुन मन, प्रज्ञानम्=विशिष्ठ ज्ञान जनक, उत= र, चेतः =राम्रो प्रकारले सामान्य र विशेष ज्ञानलाई प्रकट गर्ने चित्तस्वरूप, च=र, यच्च=जुन मन, धृतिः=धैर्यरूप छ । यत् मनः = जुन मन, अमृतम्= अमरणधर्मी वा आत्मरूप हुनाले अविनाशी छ । यत् मनः = जुन मन, प्रजासु=प्राणीहरूमा, अन्तः=भित्र, ज्योतिः=प्रकाशक भएर रहेको छ । यस्मात्=जुन मनदेखि, ऋते=भिन्न रहेर अर्थात् जुन मन विना, किञ्चन=केही पनि, कर्म=काम, नक्रियते= गरिंदैन, तत्=त्यस्तो,मे=मेरो, मनः=मन, शिवसङ्कल्पम्=, कल्याणकारक (धर्मविषयक), अस्तु-होओस् ॥ ७ ॥

भावार्थ :

जुन मनले विशेष गरेर सामान्य र विशेष ज्ञानलाई प्रकट गर्दछ र जो चित्स्वरूप धैर्यशाली वा

बुद्धिसम्पन्न पनि छ अनि आत्मरूपले अविनाशी भएर जो प्राणीमात्रको अन्तस्करणमा रहेर प्रकाश गर्दछ, जुन मन विना कुनैपनि कर्म गर्न सकिन्न र गरिँदैन, त्यस्तो मेरो मन सदा सत्य, कल्याणकारी र धर्म विषयक संकल्प (कामना) युक्त होओस् ॥ ७ ॥

येनेदम्भूतम्भुवनम्भविष्यत्परिगृहीतममृतेन सर्व्वम् ।

येन यज्ञ स्तायते सप्त होता तन्मे मनः शिवसङ्कल्पमस्तु ॥ ८ ॥

अन्वयार्थ :

येन=जुन, अमृतेन=अविनाशी (मनले) इदम्= यो, सर्वम्=सबै, भूतम्=भूतकाल सम्बन्धी वस्तु, भवनम्=वर्तमानकाल सम्बन्धी वस्तु र भविष्यत्=पछि हुने समय (भविष्यत्काल) सम्वन्धी पदार्थलाई, परिगृहीतम्=ग्रहण गरेको छ । (मनले सार्वत्रिक ज्ञान गर्छ, त्रिकाल-सम्बद्ध वस्तुमा मन प्रवृत्त हुन्छ, श्रोत्रादिले चाहिं प्रत्यक्ष वस्तुलाई ग्रहण गर्छन्) येन मनसा=जुन मनले, सप्तहोता=मैत्रावरूणादि सात होता भएको (अग्निष्टोम) यज्ञः=यज्ञ (होमकर्म) तायते=विस्तार गरिन्छ, तत्=त्यस प्रकारको, मे=मेरो, मनः=मन, शिवसङ्कल्पम्=कल्याणकारी संकल्पवान्, अस्तु= होओस् ॥ ८ ॥

भावार्थ :

जुन मन मुक्ति पर्यन्त रहने हुँदा अविनाशी भएर भूत-भविष्य-वर्तमान कालिक यावत् पदार्थलाई ग्रहण गर्दछ अर्थात् मनले सार्वत्रिक ज्ञान गर्ने हुँदा मन त्रिकाल-सम्बद्ध वस्तु वा पदार्थमा प्रवृत्त हुन्छ, जुन मनद्वारा मैत्रावरूणादि सात जना होता रहने अग्निष्टोम यज्ञ र यज्ञीय कर्म विस्तार हुन्छ, त्यस प्रकारको मेरो मन सदा सत्य र कल्याणकारी धर्म विषयक संकल्प लिएर रहोस् ॥ ८ ॥

यस्मिन्नृचः साम यजूँषि यस्मिन्प्रतिष्ठिता रथनाभाविवाराः ।

यस्मिँश्चित्त ठ्ठं सर्व्वमोतम्प्रजानान्तन्मे मनः शिवसङ्कल्पमस्तु ॥ ९ ॥

अन्वयार्थ :

यस्मिन्= जुन मनमा, ऋचः=ऋचाहरू अर्थात् ऋग्वेदमन्त्रहरू, यस्मिन्=जुन मनमा, साम=सामवेदमन्त्रहरू र यजूंषि=यजुर्वेदमन्त्रहरू पनि, रथनाभौ=रथका पांग्राको बीचमा रहेको प्वालमा, आरा इवः = धुरहरू मिलेर रहे जस्तै, प्रतिष्ठिताः = राम्ररी रहेका हुन्छन् । किञ्च= अर्कोकुरा, प्रजानाम्=जीवहरूको, सर्वम्= सम्पूर्ण, चित्तम् = ज्ञान अर्थात् सबै पदार्थको विषयज्ञान लुगा-कपडामा धागोभैँ भएर, यस्मिन् = जुन मनमा, ओतम्=एकरूपले मिलेर अर्थात् ओतप्रोत भएर, (स्थितम्=रहेको छ) तत्= त्यस्तो, मे=मेरो, मनः=मन, शिवसङ्कल्पम् = शान्तव्यापारयुक्त वा कल्याणकारी विषयवान्, अस्तु=होओस् ॥ ९ ॥

भावार्थ :

जुन मनमा ऋक्, यजु र समावेद रहेका छन्, अर्थात् जुन मनको स्वस्थतामा वेदत्रयी प्रस्फुरित हुन्छ; जुन मनमा रथचक्रको मध्यवर्ती प्वालमा धुरहरू रहेभैँ शब्दजाल रहन्छ; जुन मनमा कपडामा तन्तुजाल मिलेर रहेभैँ सम्पूर्ण जीवको यावत् ज्ञान रहेको छ, त्यस्तो मेरो मन कल्याणकारक एवं धर्मविषयक संकल्पवान् होओस् ॥ ९ ॥

यसको तात्पर्य के हो भने कपडामा धागो यता-उति जेलिएर ओतप्रोत भइरहन्छ र त्यस प्रकारको धागोको आश्रयलाई लिएर नै कपडाको अस्तित्व वा स्वरूप सिद्ध हुन्छ त्यसै गरी सम्पूर्ण विषयको ज्ञान एकमात्र मनको अधीन रहने गर्दछ, मनबाट नै अहङ्कारको सृष्टि हुन्छ, वुद्धि मनकै आश्रित भएर रहन्छ । धागोको अभावमा कपडाको अभाव सिद्ध भएभैँ मनको अभावमा बुद्धिको पनि अभाव हुन्छ। मृत शरीरमा मनको अभाव रहनाले त्यसमा कुनै प्रकारको ज्ञानको प्रस्फुटन हुँदैन । यही

कुरा आलङ्कारिक ढङ्गले यहाँ वर्णित छ ॥ ९ ॥

सुषारथिरश्वानिव यन्मनुष्यान्नेनीयते भीशुभिर्व्वाजिनऽइव ।

हृत्प्रतिष्ठं यदजिरञ्जविष्ठन्तन्मे मनः शिवसङ्कल्पमस्तु ॥ १० ॥

अन्वयार्थ :

यत् (मनः) =जुन मनले, मनुष्यान्= मानिस आदि जीवहरूलाई, नेनीयते=बारम्बार यता-उता लैजान्छ, मनको प्रेरणाले मात्र मानिस काममा प्रवृत्त हुन्छ । इव=जसरी सुषारथिः =असल सारथीले, अभीशुभिः=लगामहरूद्वारा, वाजिनः=वेगयुक्त, अश्वान्=घोडाहरूलाई, नेनीयते=बारम्बार यता-उता लैजान्छ, त्यसैगरी, यत् मनः= जुन मन, अजिरम्= बुद्ध्याइ रहित (बाल्य, यौवन बृद्धावस्थामा पनि उही प्रकारले एक समान रूपले रहने) जविष्ठम्=अतिशय वेगवान् छ र यत्= जुन मन, हृत्प्रतिष्ठम्=हृदयमा रहेको छ, तत्=त्यस्तो, मे = मेरो, मनः = मन । शिवसङ्कल्पम् = मंगलमय, सङ्कल्प, सुविचारलेयुक्त अस्तु = होओस् ॥ १० ॥

भावार्थ :

जुन मनको प्रेरणाले प्राणीहरू यताउता लाग्दछन्, कर्ममा प्रवृत्त हुन्छन्, जुन मनले प्राणीलाई यताउता लैजान्छ, प्रेरणा गर्दछ, नियमन गर्छ, जुन मन वेगवान् छ, जुन मन बाल्य, यौवन, बृद्धावस्थामा समानरूपले रहेको छ अर्थात् प्राणी मात्रको हृदयमा रहेको छ। कुशल सारथीले लगामको सहायताद्वारा घोडाहरूलाई यथेष्ट स्थानमा पुऱ्याएझैं चक्षुरादि (इन्द्रिय) को सहायताले मनुष्यादि जीवको शरीर, अंगप्रत्यगलाई बारम्बार विविध विषयमा प्रेरणा गरी जीवलाई तत्तत् कर्ममा प्रवृत्त गराउँछ; त्यस्तो मेरो मन कल्याणप्रद धर्मविषयक संकल्पवान् होओस् अर्थात् मेरो मनमा सधैं धर्म र धर्मविषय रहोस्, पाप अथवा पाप-विषय कहिल्यै नर होस् ॥ १० ॥

॥ इति प्रथमोऽध्यायः ॥

विभूति र्यस्य नो भाले नाङ्गे रुद्राक्षधारणम्
नास्ये शिवमयी वाणी तं त्यजेदधमं यथा

(शिव महापुराण)

जसले निधारमा विभूति धारण गरेको छैन, जसले शरीरमा रुद्राक्ष लगाएको छैन अनि जसका मुखमा शिवमय वाणी पनि छैन, त्यस्तालाई अधमलाई जस्तै गरी त्याग गर्नुपर्दछ ।

हिन्दूधर्मका मूल मान्यताहरू

- कृष्णप्रसाद भट्टराई

हिन्दूधर्म शाश्वत् एवं व्यापक धर्म हो, यो धर्म सार्वकालिक एवं सार्वभौम मानव धर्म हो, यसैले यस धर्ममा जतिसुकै मत र संप्रदायहरू बने पनि मूलभूत वैदिक मान्यताको परिधिभन्दा बाहिर कुनै पनि मत वा सम्प्रदायहरू जान सकेका छैनन्। त्यसैले समष्टिगत रूपमा यहाँ हिन्दू धर्मका मूलभूत मान्यताहरूको चर्चा गरिएको छ।

१. ॐकारको मान्यता :

परमात्मको नाम नै ओंकार हो [१]। हिन्दूधर्मका सबै मत वा सम्प्रदायले ओंकारलाई मान्यता दिएका छन्। ओंकार सबै मंगल दिने, पवित्रताको संचार गर्ने, धर्ममय, सम्पूर्ण कामनाहरूको पूर्ति गर्ने प्रसाधन हो, त्यसैले परब्रह्मरूप ओंकार मन्त्रहरूको राजा हो [२]। ओंलाई शब्द होइन, ध्वनि मानिएको छ। सृष्टिपूर्व उत्पन्न भएको तरंग नै ओं हो। एकपटक ओंकारको उच्चारण गर्दा १७२००० तरंगहरूको उत्पत्ति हुन्छ, जुन २७ देखि ३७ से. मी. को परिधिसम्म फैलिन्छन् यसैलाई ब्रह्मतेज भनिन्छ। ओंकार अ.उ.म मिलेर बनेको छ, यो क्रमशः इच्छाशक्ति (लक्ष्मी) ज्ञानशक्ति (सरस्वती) र क्रियाशक्ति (काली) को प्रतीक हो। शरीर, मन र प्राणको प्रतीक पनि यही हो; काल, अग्नि र प्राणको प्रतीक पनि यही हो। आत्माका तीन अवस्था (जागृत् , स्वप्न र सुषुप्ति) सृष्टिका तीन गुण (सत्व, रज र तम) सृष्टिका तीन देव (ब्रह्मा, विष्णु र महेश्वर) ब्रह्माण्डका तीन अवस्था (सृष्टि, स्थिति र प्रलय) तथा प्राणीका तीन प्राण (प्राण, अपान र समान) यही ओंकारमा समाहित छन्। बाइबलमा उल्लेखित "In the beginning was the word and the word was with the God and word was God." पनि यसै ओंकारतर्फ गरिएको लक्ष्य हो। वैज्ञानिक रहस्यतर्फ हेर्दा पनि सबै पदार्थमा हुने इलोक्ट्रोन, न्यूट्रन र प्रोटन शक्ति पनि अ.उ.म नै हो [३]। यही त्रिशक्तिले ब्रह्माण्डलाई सन्तुलित गरिराखेको छ। यदि हिन्दू साधना, कर्म वा ज्ञानका पद्धतिबाट ओंलाई हटाइ दिने हो भने हिन्दूधर्मको मौलिकता नै समाप्त हुन्छ, । कठोपनिपद्का अनुसार ओंकार ब्रह्म हो, परब्रह्म हो, यसैको साधनाबाट मनोवाञ्छित फल प्राप्त हुन्छ, यही उत्तम आलम्बन हो, यही नै अन्तिम आश्रय हो र यसैको ज्ञानबाट ब्रह्मलीन हुन सकिन्छ।

त्यसैले ओंकारले सबै धर्मलाई एकसूत्रमा आवद्ध गरिराखेको छ। आत्मसाक्षात्कार गरी ईश्वर तथा मुक्ति प्राप्त गर्न ओंकार साधना सर्वोपरि मानिएको छ।

२. ईश्वरमा विश्वास :

हिन्दूधर्मका सम्पूर्ण आस्तिक दर्शनहरूले ईश्वरको अस्तित्वलाई स्वीकार गरेका छन्। वेद, उपनिषद् र धर्मशास्त्रहरूमा स्वीकार र अस्वीकार, भाव र अभावको अनुभूति कर्ता पनि ईश्वरनै हो भनिएको छ। गीतामा भगवान्ले जीव मेरै सनातन अंश हो भन्नु भएको छ।[४] ऋषि-महर्षिहरूले सम्पूर्ण जगत्लाई विराट् भगवान्को शरीरका रूपमा अनुभूति गरेका छन्।[५] ईश्वरभन्दा भिन्न संसारमा कुनै पनि चीज छैन।[६]

---

१. तस्य वाचकः प्रणवः (योग १।२। ७)

२. माङ्गल्यं पावनं धर्म्यं सर्वकामप्रसाधनम्। ओंकारः परमब्रह्म सर्वमन्त्रेषु नायकम्।

३. चरित्र विज्ञान, स्वामी सच्चिदानन्द विशुद्धदेव, पृ. १६

४. ममैवांशो जीवलोके जीवभूतः सनातनः (गीता १५।७)

५. जगत् सर्वं शरीरं ते (वाल्मीकि रामायण ६।११७।२५)

६. मत्तः परतरं नान्यत्किंचिदस्ति धनंञ्जय (गीता ७।१०।१२)

ईश्वरको भक्तिले मन समाधिस्थ हुन पुग्छ[७] । वेदले सम्पूर्ण ब्रह्माण्डमा विद्यमान जति पनि जडचेतन जगत् छ, त्यो सबै ईश्वरमय भनेको छ [८] । यो संसारको उत्पत्ति, स्थिति र संहार कर्ता पनि ईश्वर नै हो [९] । त्यही ईश्वर नै समष्टि र व्यष्टिरूप हो, त्यही नै व्यक्त र अव्यक्त स्वरूप हो, ऊ नै सबैको मालिक हो, सबैको साक्षी र सर्वज्ञाता उही नै हो, ऊ नै सर्व शक्तिमान् छ ।[१०] शरीररूपी यन्त्रमा आरुढ भएर कर्मवश सबै प्राणीको हृदयमा वसी संचालन गर्ने पनि यही परमात्मा हो ।[११] यसरी वैदिक ग्रन्थहरूले यो सम्पूर्ण चराचर जगत्को स्रष्टा, जगत्को पालनकर्ता, प्रलय कर्ता पनि स्वयं ईश्वर हो भन्ने कुरा स्वीकार गरेका छन् । ईश्वरको अस्तित्वलाई सबै हिन्दू धर्मका शाखाहरू स्वीकार गर्दछन् । एउटै ईश्वरीय शक्तिलाई ब्रह्मा, विष्णु, महेश्वर, शिव, राम, कृष्ण गणेश, दुर्गा, काली, बुद्ध, तीर्थाङ्कर आदि सहस्रौं नामहरू दिन सकिन्छ। यी सम्पूर्ण नामहरू दैवी कार्यहरुो विभाजनलाई दृष्टिगत गरी बनेका छन् । त्यस ईश्वरलाई साकार वा निराकार, व्यक्त, अव्यक्त, शून्य कुनै पनि रूपमा भज्न सकिन्छ। त्यसैले ब्रह्म, परब्रह्म, पूर्ण, शून्य, सच्चिदान्द, ईश्वर, हरि, परमेश्वर, परमात्मा, परमतत्त्व, परमशक्ति, सर्वव्यापक, सर्वान्तर्यामी, खुदा, गड परमगुरु आदि कुनै पनि नामबाट संवोधन गरे पनि एउटै ईश्वरका अनेक नामहरू हुन् भन्ने कुरामा हिन्दू धर्म विश्वास गर्दछ, त्यसैले शब्दका जालमा पसेर हिन्दू धर्म विवाद गर्दैन, कुनै पनि नामको साधनाबाट भगवत्प्राप्ति गर्न सकिन्छ, जस्तो रूपको अपेक्षा गरेर साधना गरिन्छ, त्यस्तै रूपमा भगवत् प्राप्ति हुन्छ, जीवनको परमलक्ष्य भगवत्प्राप्ति हो तथा भक्ति हो;[१२] सच्चिदानन्दको प्राप्तिका हो । यही ईश्वरको उपासना पनि हो, जसबाट मानिसले ज्ञान, विज्ञान र वैराग्य प्राप्त गरी भगवत्प्राप्ति र मुक्ति प्राप्त गर्दछ[१३]। यसरी ईश्वर प्रतिको आस्था, विश्वास तथा ईश्वरीय उपासनाका प्रक्रियाहरूमा हिन्दूधर्म पूर्णतः समर्पित छ ।

३. अवतारवादमा विश्वास :

ईश्वर निर्गुण र निराकार भए पनि सगुण र साकार रूपमा व्यक्त हुनुलाई अवतार भनिन्छ । हिन्दू धर्मग्रन्थहरूले भगवान्का विभिन्न अवतारहरूको वर्णन गरेका छन् । हिन्दूहरूको सर्वमान्य ग्रन्थ भगवत् गीतामा भगवान्ले जब जब पृथ्वीमा दुष्टहरूको प्रभुत्व बढ्दै जान्छ, तब तब दुष्टहरूको संहार, साधुहरूको रक्षा र धर्मको रक्षा गर्न युगयुगमा अवतार लिने घोषणा गर्नु भएको छ ।[१४] त्यसैले हिन्दू धर्मले भगवान्का असंख्य अवतारहरूलाई मान्यता प्रदान गरेकोछ ।[१५] भगवान् विष्णुका मत्स्य, कच्छप, वराह, नृसिंह, वामन, परशुराम, राम, बलराम, बुद्ध र कल्की गरी १०. अवतारहरू मानिएका छन् । यी दश वाहेक कृष्ण अवतारलाई पूर्ण अवतार मानिएको छ । नरनारायण, सनकादि, कपिल, यज्ञ, ऋषभ, हंस, धम्वन्तरी, हयशीर्ष व्यास, र पृथुलाई पनि अवतार मानिएको छ । देवता र दानव बीच अमृत बाँड्न मोहिनी अवतार लिएको, गजेन्द्र नामक हातीलाई बचाउन र बालक ध्रुवलाई वरदान दिन पनि भगवान्ले अवतार लिनु भएको थियो । ईश्वरले आवश्यकता अनुसार कहिले माछा,

---

७. ईश्वरप्रणिधानात् वा (योग. १।२३)

८. ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् (यजुर्वेद ४०।१)

९. जन्माद्यस्य यतः (ब्रह्मसूत्र १।२)

१०. स ईश्वरो व्यष्टिसमष्टिरूपो व्यक्तस्वरूपो प्रकट स्वरूपः सर्वेश्वर : सर्वदृक् सर्वविच्च समस्तशक्तिः परमेश्वरारख्यः (विष्णुपु ६।५।८६)

११. ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति भ्रामयन् सर्वभूतानि यन्त्रारुढानि मायया (गीता १८।६१)

१२. श्रेयो हि धीरोऽभि प्रेयसो वृणीते प्रेयो भन्दो योगक्षेमात् वृणीते (कठ. १।२।२)

१३. अतो मद्भक्तियुक्तस्य ज्ञानं विज्ञानमेव च वैराग्यं च भवेच्छीघ्रं ततो मुक्तिमवाप्नुयात् (वा. रा. अ. ४।५१)

१४. परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् । धर्म संस्थापनार्थाय संभवामि यगे यगे (गीता)

१५. अवतारा ह्यसंख्येया हरेः सत्वनिधे र्द्विजाः (श्रीमद्भागवत)

कछुवा जस्ता जलचर प्राणीको रूपमा, कहिले वराह जस्ता चतुस्पदी प्राणीको रूपमा, कहिले नृसिंहको रूपमा कहिले पूर्णकलायुक्त कृष्णको रूपमा त कहिले बुद्धको रूपमा अवतार लिने कुरामा हिन्दूहरू विश्वास गर्दछन् । वास्तवमा ईश्वर सर्वव्यापी भएकोले कुनै पनि रूपमा परिस्थिति अनुसार प्रकट भई सत्य तथा धर्मको विजय गराउँछन्[१६] भन्ने कुरालाई शास्त्रले प्रतीकात्मक दृष्टान्त दिएर पुष्टि गर्न खोजेको छ। यो अवतारवादको धारणाको गूढ रहस्य प्रत्येक प्राणीहरू ईश्वरका अवतार हुन्, अवस्था र शक्ति अनुसार उनीहरूको कार्य सम्पादन हुन्छ भन्ने हो, त्यसैले ब्रह्मा, विष्णु, शिव, देवी, गणेश आदि सबैका अनेक अवतारहरू मानी ढुङ्गा (शालिग्राम), वनस्पति (वर, पिपल, तुलसी आदि) पशु (गाई, गरुढ, हाँस, माछा, आदि) स्थावर-जंगम सबै प्राणीमा ईश्वरकै रूप र अवतार देखिन्छ । सर्वत्र ईश्वरको निवास र अवतार देख्नु हिन्दू धर्मको महत्त्वपूर्ण मौलिक विशेषता हो ।

४. कर्म र पुनर्जन्ममा विश्वास :

हिन्दू धर्म पुनर्जन्ममा विश्वास राख्तछ। एउटा जन्ममा गरेका कर्महरू संस्कार बन्दछन्। तिनै कर्मका संस्कार अनुसार प्राणीले राम्रो वा नराम्रो योनिमा जन्म लिन्छ र पूर्वजन्मका कर्महरूको फल भाग्यको रूपमा भोग्दछ भन्ने कुरामा हिन्दू धर्मले निर्देश गरेको छ। हिन्दू धर्म अनुसार ८४ लाख जुनीहरू छन् । कर्मवश ती जुनीमा घुमिरहनु पर्दछ। असल काम गरे असल जुनीमा जन्म लिन पुगिन्छ। सुखमय जुनीको प्राप्तिलाई स्वर्ग र दुःखमय जुनीलाई 'नर्क' भनेर संकेत गरिएको छ।

प्रत्येक प्राणीमा जुन आत्मा छ, त्यही आत्मा बस्ने घर नै शरीर हो । पाञ्चभौतिक तत्वहरू (जल, तेज, आकाश, वायु, पृथ्वी) मिलेर शरीर खडा हुन्छ। त्यो शरीर भित्र आत्मा हुन्छ, आत्मा परमात्माकै अंश भएकोले यो नित्य र सनातन छ, त्यसैले स्थूल शरीर मारे पनि आत्मालाई मार्न सकिंदैन[१७] । स्थूल शरीर (Sold Body) भित्र पनि सूक्ष्म शरीर (Cosmic body) कारण शरीर (Causedbody) जीवात्मा (soul) परमात्माको (Higher soul) को अनुभूति गरी मुक्त नभएसम्म वारंवार जन्म-मरणको चक्र घुमि नै रहन्छ[१८] । मानिसले पुराना कपडा फालेर नयाँ पोशाक लगाए जस्तै पुरानो शरीरलाई छोडेर जीवात्माले नयाँ शरीर लिइनै रहन्छ । यसरी जन्म पछि मृत्यु र मृत्यु पछि जन्म निरन्तर भइ नै रहन्छ। मृत्यु शरीरको रूपान्तरण मात्रै हो अनि संस्कार अनुसार कर्म फल भोगिनै रहन्छ । असल कार्यबाट असल जुनीमा जाने प्रयास मानिसले नै गर्न सक्छ र धर्म, अर्थ, काम र मोक्षरूपी पुरुषार्थको प्राप्ति पनि गर्न सक्छ भन्ने विश्वास गरिन्छ । पूर्वजन्मको सम्बन्धमा धेरै खोज भइरहेका छन् र धेरै कुराहरूबाट यो प्रमाणित पनि हुँदै आएको छ । यसरी हिन्दूधर्मको पुनर्जन्मवाद र प्रारब्धवाद ठूलो खोज र जिज्ञासाको विषय भएको छ, यो हिन्दू धर्मको एउटा मूलभूत विशेषता हो ।

५. वेदमा आस्था :

वेदको अर्थ ज्ञान हो, जुन ज्ञानलाई ऋषिहरूले साधनाद्वारा साक्षात्कार गरेका थिए। त्यसैले वेद अनुभूत सत्य हो । वेदलाई हिन्दू धर्मग्रन्थहरूले प्रमाण मान्दछन्। वेदलाई धर्मको स्रोत मान्दछन्, वेद कसैको मन वा विचारबाट निस्किएको कृति होइन, धर्मज्ञानको साक्षात् अनुभूति हो । त्यसैले यसलाई "अपौरुषेय" मानिएको छ। वेद "श्रुति परंपराबाट अनादिकालदेखि चलि आएकोमा यसलाई अलग-अलग विभाजित गरे पछि वेदहरू ऋक्, यजु, साम र अथर्व गरी

---

१६. यतो धर्म स्ततो जयः (गीता)

१७. अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे (गीता)

१८. पुनरपिजननं पुनरपिमरणं पुनरपि जननी जठरे शयनम् (शंकराचार्य)

चारवटा भए । ऋग्वेद साकल र वास्कल गरी दुइ शाखामा विभाजित छ। सामवेद कौयम, रामायणीय र जैमिनीय गरी तीन शाखामा विभाजित छ । यजुर्वेद कृष्ण र शुक्ल गरी दुइ शाखामा विभाजित छ । अथर्ववेद पिप्पलाद र शौनक शाखामा विभाजित छ । यसरी यी वेदहरूप्रति हिन्दूधर्मले आस्था राखेको छ । उपनिषद्, (१०८ प्राप्तछन्) स्मृति (२० प्राप्त छन्) पुराण (१८ वटा छन्) गीता, महाभारत, रामायण आदिलाई वेदसंमत भएकाले आस्थापूर्वक हेरिन्छ । यसरी चारवेद चुर्मुखी ब्रह्माबाट निस्किएको मानिन्छ । यो सम्पूर्ण हिन्दूधर्मको मूल एवं सार हो, यसप्रति अगाध आस्था, विश्वास र श्रद्धा राख्नु हिन्दूधर्मको अर्को विशेषता हो ।

६. मूर्तिपूजा :

हिन्दूधर्म मूर्ति पूजामा विश्वास गर्दछ। अव्यक्त एवं निराकार ईश्वरीय तत्त्वलाई व्यक्त एवं साकार रूपमा मूर्तिमान् गराई अर्चना गर्ने कुरामा हिन्दूधर्मले निर्देशन दिएको छ । यसैले अनेकौं शक्तिपीठहरूमा देवीका मूर्तिहरू स्थापित गरिएका छन्; ब्रह्मा, विष्णु र शिवका अनेक अवतारहरूका मूर्तिहरू प्रतिष्ठित गरिएका छन् । हिन्दूधर्मग्रन्थहरूमा उल्लेख गरिएका देवी-देवताहरूका मूर्तिमा शास्त्रोक्त मन्त्रहरूद्वारा पूजा-अर्चना गर्ने विधिहरू निश्चित गरिएका छन् । पूजा-अर्चना एवं साधना गर्ने क्रममा श्रद्धा, भक्ति र समपर्णको ठूलो महत्त्व छ । मूर्तिलाई तान्त्रिक विधिद्वारा सजीव बनाउने प्रक्रिया पनि तन्त्रशास्त्रले बताएको छ। अव्यक्त तथा निराकारतत्त्वमा पुग्न कठिन हुने हुनाले साकारबाट निराकारमा पुग्न शास्त्रले मूर्तिपूजाको पद्धतिलाई व्यवस्थित गरेको हो, यही नै मूर्तिपूजाको रहस्य पनि हो ।

७. सर्वधर्मसमादर :

हिन्दूधर्मको अर्को महत्त्वपूर्ण विशेषता "सर्वधर्म-समादर" हो । हिन्दूधर्मलाई धेरै साधक ऋषिहरूले अनुभूति गरेर एउटै परमात्मालाई अनेक स्वरूपमा साक्षात्कार गरे, यही शाश्वत् अनुभूतिलाई ऋग्वेदले "एकं सद्‌विप्रा बहुधा वदन्ति" भनेर अभिव्यक्ति दिएको छ । एउटै ईश्वरीय सत्तालाई भावना अनुसार अनेक रूपमा साक्षात्कार गर्नेहरूले यस जगत्‌लाई ईश्वरीय लीलाका रूपमा देखे । ब्रह्माले विष्णु र शिवको स्तुति गर्ने, विष्णुले ब्रह्मा र शिवको महिमा गाउने, शिवले ब्रह्मा र विष्णुको महिमा गाउने गरेका उदाहरण धर्मग्रन्थहरूमा पाइन्छन् । रामले शिवलिङ्गको अर्चना गरे भने कृष्णले महादेवको नामकीर्तनको पछि लाग्ने कुरा बताएका छन् ।[१९] युगयुगमा उनले महेश्वरको सेवा गर्ने भावना व्यक्त गरेकाछन् ।[२०] शिव र विष्णु, ब्रह्मा र शिवमा कुनै भेदको अनुभूति हुँदैन ।[२१] विष्णु र लक्ष्मी राधा र कृष्ण, शिव र शक्ति बीच कुनै भेद छैन । "अर्धनारीश्वर" रूपको महिमाले शिव र शक्ति बीचको अभेदतालाई पुष्टि गरेको छ । त्यसैले यहाँका सबै धर्मावलम्वीहरू सबै धर्मलाई अत्यन्त आदर गर्दछन्, ।

८. तान्त्रिक साधनाको व्यापकता :

तन्त्र परमात्माको साधनाको निम्ति अत्यन्त उपयोगी साधन मानिन्छ । तन्त्रलाई "आगम" पनि भनिन्छ । तन्त्रलाई शिवको मुखबाट पार्वतीले श्रवण गरेको र विष्णुले अनुमोदन गरेको गोप्य रहस्य मानिएको छ[२२] । अनुष्ठानद्वारा कर्म गर्नाले मानिसलाई तीन प्रकारका दुःखको भयबाट मुक्त गर्ने साधन नै तन्त्र हो । सम्पूर्ण वेद, उपनिषद् लगायतका शास्त्रहरूले स्वीकार गरेको ॐले तान्त्रिक प्रक्रियामा महत्त्वपूर्ण

---

१९. महादेव महादेव महादेवेति वादिनः । पश्चाद्यामि भयस्त्रस्तो नामश्रवण लोमतः (ब्रह्मवैवर्त)
२०. युगे युगे तु कृष्णेन तोषितो वै महेश्वरः (महाभारत)
२१. शिवे विष्णौ नवा भेदो नच ब्रह्म महेशयोः । तेषां पादरजःपूतं वहाम्यघविनाशनम्
२२. आगतं शिववक्त्रेभ्यो, गतंच गिरिजामुखे । मतं च वासुदेवस्य तत आगमउच्यते ।

स्थान ओगटेको छ । जादू र टुनाहरूको खेल तान्त्रिक प्रक्रियामा आएका विकृति हुन् । तन्त्र स्वयंमा एउटा गहन दर्शन हो। तान्त्रिक प्रक्रियाहरू बौद्ध, जैन, मुस्लिम आदि धार्मिक परंपरामा पनि प्रचलित छन् । तान्त्रिक प्रक्रियाबाट कुण्डलिनी जागरण सहज रूपमा गर्न सकिन्छ र आठ प्रकारका सिद्धिहरू प्राप्त हुन्छन्; मानिसले जीवन्मुक्ति गर्न तथा परमेश्वरको साक्षात्कार गर्न सक्छ । धर्म, अर्थ, काम र मोक्षको साधना गर्न तान्त्रिक प्रक्रिया ज्यादै सहज मानिन्छ । तान्त्रिक साधनामा मन्त्र र यन्त्रलाई साधन मानिन्छ । तान्त्रिक प्रक्रियामा पञ्चमकार (मद्य, मांस, मीन, मुद्रा र मैथुन)लाई महत्त्व प्रदान गरियो तर यसको प्रतीकात्मक अर्थलाई नबुझ्नेहरूले गलत रूपमा प्रयोग गरे। बलिको अर्थ काम, क्रोध, लोभ, मोह, अहंकारको बलिदिनु भन्ने प्रतीकात्मक अर्थ नबुझेर पञ्चबलिको नाममा जीव हिंसा गर्न थाले । तान्त्रिक प्रक्रियामा आएको विकृतिले समाजमा नराम्रो प्रभाव पार्‍यो। जे भए पनि हिन्दूधर्ममा ईश्वरसिद्धि गर्ने जति तान्त्रिक विधिहरू छन्, त्यति धेरै विधिहरू कुनै पनि धर्म-दर्शनमा देखिँदैनन्। तन्त्र स्वयं रहस्यात्मक विधा भएकोले यो प्रायोगिक ज्ञान हो जुन ज्ञानको व्यापकता हिन्दूधर्मको एउटा महत्त्वपूर्ण विशेषताका रूपमा रहेको छ ।

९. योग, ध्यान र प्राणायामको विशालता :

हिन्दूधर्म-ग्रन्थहरूमा योग साधना महत्त्वपूर्ण मानिएको छ । योगसूत्रमा मनको वृत्तिलाई नियन्त्रण (योगश्चित्तवृत्तिनिरोधः) गर्नुलाई योग भनिएको छ । कार्यकुशलताको नाम (योगः कर्मसु कौशलम्) योग भनिएको छ। योगको शाब्दिक परिभाषा जे जसरी दिए पनि योगको रहस्य हिन्दूधर्ममा वैज्ञानिक छ । यम नियम, आसन, प्राणायाम, प्रत्याहार, धारण, ध्यान र समाधि अन्तरङ्ग योगका साधन मानिन्छन् । मानिस स्थूल-सूक्ष्म शरीर, कारण शरीर, जीवात्मा र परमात्माको एकीकृत रूप हो । योगासनद्वारा सूक्ष्म शरीरलाई ठीक अवस्थामा ल्याउने र ध्यानबाट कारणशरीरको ज्ञान गर्दै जीवात्मा (Lower Soul) लाई परमात्मा (Supreme power) मा मिलान गर्नु योग, प्राणायाम र ध्यानको रहस्य हो । त्यसैले हठयोग, राजयोग, कर्मयोग, ज्ञानयोग, सांख्य योग कुनै पनि योगको अन्तिम रहस्य जीवात्मा (Lower Soul) लाई परमात्मा (Supreme Power) मा मिलान गर्नु हो । हिन्दूधर्मदर्शनहरूले यति धेरै योग तथा ध्यानका तरिकाहरू बताएका छन् कि सम्पूर्ण धर्महरूमा उल्लेखित योग तथा ध्यानका साधना-मार्गहरूलाई आफ्नै अंगका रूपमा यसले समाहित गरेको छ। त्यसैले सम्पूर्ण धर्महरूलाई हिन्दूधर्मले सम्मान गर्न सकेको छ ।

पुण्यतीर्थानि यावन्ति लोकेषु प्रथितान्यपि
तानि सर्वाणि तीर्थानि बिल्वमूले वसन्ति हि

(शिव महापुराण)

संसारमा जति पनि पुण्यतीर्थहरू प्रसिद्ध छन् ,
ती सबै पुण्य तीर्थहरू बेल वृक्षका
फेदमा बसेका हुन्छन् ।

आत्मपूजा

- *स्थानेश्वर तिमल्सिना*

'स्वात्मैव देवता प्रोक्ता ललिता विश्वविग्रहा ।'

'आफ्नो आत्मा नै विश्वमय ३६ तत्त्व शरीर भएको ललिता त्रिपुरासुन्दरी देवता हो ।'

उपासकहरूका निमित्त यस महावाक्यले विशेष महत्त्व राख्दछ । यसमा 'स्वात्मा'मा रहेको 'स्व' र 'आत्मा' ले जीवात्मा तथा परमात्माको निर्देश गरेको छ । जीवको वास्तविक स्वरूप आत्मा नै हो, शिव नै हो र शिवको जीवभाव काल्पनिक हो, रज्जुमा सर्प जस्तै मिथ्याकल्पित हो । 'देवता' शब्दले सतत स्पन्दायमान संवित्लाई निर्देश गर्दछ । विशुद्ध संवित्बाट आफ्नो स्वातन्त्र्यले नै अन्य उपादान निरपेक्ष रही समग्र विकल्पात्मक कुलको सृजन हुन्छ । समग्र प्रपञ्चमयता तथा त्यसबाट मुक्ति समेत देवता शब्दबाटै कल्पित हुन्छ । ललिता शब्दले पनि देवात्मकतालाई नै जोड दिएको छ। यसले 'विश्वात्मकता पराम्बाको क्रीडा मात्र हो' भन्ने कुरामा विशेष जोड दिएको छ । शिवदेखि पृथिवी पर्यन्तका ३६ तत्त्वलाई यहाँ 'विश्व' शब्दले लिइएको छ। विश्व नै पराम्बाको विग्रह अर्थात् शरीर हो । प्रसिद्ध उक्ति "चिदात्मैव हि देवोऽन्तः स्थितमिच्छावशाद् वहिः। योगीव निरूपादानमर्थजातं प्रकाशयेत् ।" अनुसार जसरी योगीजनले विना कुनै उपादान जड, जीवप्रपञ्चलाई स्वसंकल्पमात्रले देखाइ-दिन्छन्, त्यस्तै चिदात्मा पनि आफूभित्र विकल्पभावले अवस्थित समग्र मेयजात प्रकाशित गर्दछन्। यहाँ 'मेय' भन्नाले 'सकल' पशुले लिने प्रपञ्च मात्र नभई चिद्रूप शिवको निमित्त मन्त्रमहेश्वर समेत 'मेय' भित्र पर्दछन्। परप्रमाता नै वस्तुतः प्रमाता हुन् किनभने उनी कसैको प्रमेय बन्न सक्दैनन् अपितु सबैको प्रमाता हुन्। चैतन्य स्वभाव शिव नै वस्तुतः आत्मा र जीवभाव, जडभाव आदि सबै रूपमा चैतन्यमा संकोच आउनाले देखिएका हुन् । आत्माको यही वास्तविक स्वरूप उद्घाटित गर्नु नै वस्तुतः आत्मपूजा हो ।

प्रथमतः अत्यन्त अन्धकाराच्छन्न अवस्था जसमा जीवमा अत्यन्त क्षणिक र आपातरमणीय वस्तुमा मात्र प्रवृत्ति हुन्छ, यसमा शिवात्मक उन्मेषको कुनै लक्षण देखिदैन । त्यही जीव मलको तारतम्यले अन्धकार केही न्यून हुनासाथ शिवात्मकताको अन्वेषणमा लाग्दछ तर जीवको यो दोस्रो अवस्थामा पनि बाह्य विकल्पकै आग्रह विशेषरूपले बसेको हुन्छ र यस अवस्थामा आफू र ईश्वरलाई अत्यन्त भिन्न मानी त्यस ईश्वरलाई 'मेय' बनाई अनुभव गर्ने या लौकिक फल प्राप्त गर्ने अभिलाषाले साधक लागेको हुन्छ । यसमा जीव र ईश भेद दुबै कल्पित रहेछन् , वस्तुतः म"आफैं ईश्वर रहेछु" भन्ने प्रत्याभिज्ञानको उदय भएपछि भेदभावको लेश पनि रहँदैन र यही नै वास्तविक स्थिति हो । यही जीवको शिवात्मकता अन्वेषण गर्न 'आत्मपूजा' गरिन्छ ।

"देवो भूत्वा यजेद्देवं नादेवो देवमर्चयेत्" आफैं देवता भएर देवताको पूजा गर्नू, देवता नभई देवताको पूजा नगर्नू" यस विधि तथा निषेध मिश्रित वाक्यको तात्पर्य पनि आफूमा रहेको चिदात्मकताको उद्घाटन नै हो । अपरा पूजाको आरम्भ पनि आत्मपूजास्वरूप निजचैतन्यको विमर्शन पछि नै संभव छ । आफूमा देवात्मकताको आवेश नहोउन्जेल मन्त्र, अक्षर आदि न्यास मात्रको विधान छ, तर पूजा गर्ने अधिकार भने छैन । जब एक क्षणको लागि भए पनि देवात्मकता

उद्घाटित हुन्छ तब आफ्नो चिन्मात्र मूर्तिको ज्ञान हुन्छ। यस चिन्मयताको बहिः परामर्शन गर्न बाह्य विकल्परूप अनादि कालदेखि सञ्चित मेयाग्रहको लोप हुन्छ। यस अभ्यासमा आफ्नो चैतन्यबाट बाहिर देवता विग्रहका साथसाथै पूजाका उपकरण, यज्ञका साधन आदि समेत उत्थापित गरिन्छ र अपरापूजाको निमित्त सञ्चित कुसुमादिमा पनि आफू विकल्पले उत्थापित भएको भावना गरिन्छ। यस प्रकारको भावना दृढ बन्दै जाँदा अन्य मेय पदार्थ र स्वविकल्पमा रहेको अभिन्नताको आमर्शन हुन्छ। यही परामर्श नै पूजाको क्रम हो।

आत्मपूजामा ३६ तत्त्व नै योगपीठ मानिन्छन्। शिव-शक्ति-सदाशिव-ईश्वर-शुद्धविद्या-माया-अविद्या-कला-राग-काल- नियति-पुरुष-प्रकृति- बुद्धि-अहङ्कार-मन-श्रोत्र-त्वक्-चक्षु-जिव्हा-घ्राण-वाक्-पाणि-पाद-पायू-उपस्थ-शब्द-स्पर्श-रूप-रस-गन्ध-आकाश-वायु-तेज-जल तथा पृथिवी यी नै शैवागमसम्मत ३६ तत्त्व हुन्। आत्मपूजा आरम्भ गर्दा शिरलाई पीठ मानेर "शिवादिपृथिव्यात्मने श्रीयोगपीठाय नमः" यस मूल मन्त्रले पूजा गरिन्छ। ३६ तत्त्वात्मक योगपीठको पूजा गरेपछि मूलाधारादि चक्रमा डाकिन्यादि देवता तथा तीनको आवरणको भावना गरिन्छ। यसलाई **"षट्चक्र विमर्शन"** को रूपमा लिइएको छ। यी चक्रहरूको भावना पछि मूलाधार तथा स्वाधिष्ठान चक्रका रश्मिहरूलाई एकत्र गरी "ऐं स्वयम्भूलिङ्गाय नमः" भनेर स्वयम्भूलिङ्गको पूजा गरिन्छ। त्यस पिण्डीकृत रश्मिलिङ्गलाई हृदयमा लगेर विश्राम दिई मणिपुर तथा अनाहत चक्रमा प्रसृत रश्मिहरूलाई एकत्र गरिन्छ र ती सबैको हृदयमा पिण्डन गरी बाणलिङ्गको भावना गरी "ईं बाणलिङ्गाय नमः" यस मन्त्रले पूजा गरिन्छ। त्यस रश्मिपिण्डलाई ललाटदेशमा लगेर विशुद्धचक्र तथा आज्ञाचक्रमा फैलिएका रश्मिलाई एकत्र गरी सबै रश्मिको एउटा लिङ्ग भावना गरिन्छ, जसलाई इतरलिङ्ग भनिन्छ। यस लिङ्गको "ॐ इतरलिङ्गाय नमः" यस मन्त्रले पूजा गरिन्छ। त्यसपछि सहस्रदलको कर्णिकामा अवस्थित चिन्मात्रस्वरूप परलिङ्गको भावना गरी समग्र रश्मिलाई पिण्डन गरी विश्वात्मक प्रपञ्चको तेजोरूपताको आमर्शन गर्दै "ऐं ईं ॐ परलिङ्गाय नमः" यस मन्त्रले पूजा गरिन्छ। यस प्रकार १०८ रश्मिको पिण्डस्वरूप वन्हिरश्मि, ११६ रश्मिको पिण्डस्वरूप सूर्यरश्मि तथा १३६ रश्मिको पिण्डस्वरूप चन्द्ररश्मिको एकत्र समाहार गरिन्छ, जसमा ३६० रश्मि हुन्छन्। यही षट्चक्र विमर्शनमा षडन्वयशाम्भवविद्याको पनि भावना गरिन्छ। जसमा १८० शाम्भवरश्मि तथा १८० शाम्भवीरश्मिको एकत्र परामर्शन गरिन्छ। यी सम्पूर्ण रश्मिहरूको भावना तथा पिण्डन पछि चिन्मात्रतामर्शन गरिन्छ। यसमा सबै रश्किो पिण्डलाई जलमा हिमकणको जस्तै विलापन हुन्छ। निष्कल रश्मिमा समग्र रश्मिलाई जलमा हिम जस्तै विलापन गरेपछि निष्कलताको परामर्शन गरिन्छ।

यस पछि खेचरीमुद्राको भावना गरिन्छ। "स्वर-द्वयपुटान्तःस्थमनच्कद्वयसंश्रयम्। तेजो दण्डमयं ध्यायेत् कुलाकुलनियोजनात्॥" अर्थात् कुल तथा अकुलरूप शक्ति तथा शिवको अर्थात् 'अ' र 'ह' रूपको एकत्र नियोजन गरी इडा तथा पिङ्गलारूप वाम तथा दक्ष स्वर पुटको भित्र रहेको सुषुम्णा नाडीको संश्रयमा दण्डाकार तेजको भावना गरिन्छ। श्रीसिद्धनाथपादले अनच्कको रहस्य उद्घाटित गर्दै भन्नु भएको छ- "अनच्कं यत् परंज्योतिः सर्वप्राणिहृदि स्थितम्। इच्छा कुण्डलिनी तस्य तेजो नादसमुद्भवः" यस अनुसार नादरूप परमतत्त्व जसलाई "अहम्" को रूपमा हृद्धाममा परामर्श गरिन्छ, त्यही परम ज्योति नै "अनच्क" बाट द्योतित छ। 'अ' रूप प्रथम वर्ण नै परमनादरूप अनुत्तर हो र त्यसको आमर्शनरूप इच्छा नै कुण्डलिनी हो। परमतत्त्वलाई द्योतित गर्ने बिन्दुमात्रले

अकारको तथा प्रकाश विमर्श र सामरस्यरूप तीन अवस्थालाई समुच्चय गर्ने कुण्डलिनीलाई तीन बिन्दुले या सर्पाकार 'इ' कारको संकेतले बुझाइन्छ। त्यसैले इकार नै कुण्डलिनीको वाक्रूप हो। यस भावनालाई श्रीतन्त्रसद्भावमा यसरी बताइएको छ -

"बद्ध्वा पद्मासनं योगी नाभावक्षेश्वरं न्यसेत्।
दण्डाकारं तु तत्तावन्नयेद् यावत् कखत्रयम् ॥
निगृह्य तत्र तत्तूर्णं प्रेरयेत् खत्रयेण तु।
एतां बद्ध्वा महायोगी खे गतिं प्रतिपद्यते ॥"

अर्थात् पद्मासनमा बसेर योगीले नाभिचक्रमा अक्षेश्वर विन्यास गर्नू। यसमा अदेखि क्षसम्मका समग्र वर्णलाई साँढे तीन फन्कोमा घुमेको भावना गरिन्छ र त्यस कुण्डलाकार अक्षग्रामलाई दण्डाकार बनाई उठाएर कखत्रयसम्म लगिन्छ। 'क' शब्दले शिरोरूप योगपीठलाई बुझाउँछ, जसमा 'ख' अर्थात् शून्यरूप तीन स्थान शक्ति, व्यापिनी तथा समनारूप तीन आकाश छन्। यस तेजोमय दण्डलाई खत्रयमा निगृहित गरी खत्रयले प्रेरित गर्नू। यस मुद्राको बन्धनले 'ख' रूप बोधगगनमा योगीको प्रवेश हुन्छ। व्योमवामेश्वरी देवी नै मेयरूपमा विचरण गर्ने हुनाले समग्र प्राणीको हृदयधाममा स्पन्दित प्राणशक्तिको विशुद्ध स्वरूप नै वास्तविक 'खेचरी' हो।

यस प्रकार तेजोरूपताको र शून्यात्मकताको तर्पण गरी उक्त ३६ तत्त्वात्मक शिरः पीठमा "सौः" मन्त्रको भावना गरी पराकलाको भावना गरिन्छ। निष्कलरूप तुरीय परा-भगवतीलाई पुनः विग्रहात्मिकाको भावना यस प्रकार गरिन्छ-

'अकलङ्कशशाङ्काभा त्र्यक्षा चन्द्रकलावती।
मुद्रापुस्तलसद्बाहाः पातु वः परमा कला ॥"

अर्थात् कलङ्करहित चन्द्रमाको समान कान्ति भएकी, सोम-सूर्य तथा बन्हिरूप तीन नेत्र भएकी, चन्द्रमाको कलाले विभूषित, मुद्रा तथा पुस्तक धारण गरेकी 'परा' भगवतीले हाम्रो रक्षा गरून्।

यी पराम्बालाई मानसिक उपचारले पूजा गरी शिरको बिन्दुस्थानको वरपरमा त्रिकोण-पञ्चार-वृत्त-चतुर्दल पञ्चारचतुष्टय तथा चतुरस्रात्मक मण्डलको



भावना गरिन्छ जो यस प्रकार छ :

यस मण्डलमा पूजाको निमित्त पराभट्टारिकासंग अनुज्ञा लिइन्छ। भगवतीबाट अनुज्ञा मिलेपछि यसप्रकार रश्मिपूजा गरिन्छ :-

१. **चतुरस्रका आठ दिशामा-** अं असिताङ्ग भैरवाय नमः। आं ब्राह्म्यै नमः। इं रुरुभैरवाय नमः। ईं माहेश्वर्यै नमः। उं चण्डभैरवाय नमः। ऊं कौमार्यै नमः। ॠं क्रोधभैरवाय नमः। ॠं श्वैष्णव्यै नमः। लृं उन्मत्तभैर वाय नमः। लॄं श्वाराह्यै नमः। एं कपालिभैरवाय नमः। ऐं इन्द्राण्यै नमः। ओं भीषणभैरवाय नमः। औं चामुण्डायै नमः। अं संहारभैरवाय नमः। अः महालक्ष्म्यै नमः।

२. **सबैभन्दा बाहिरी पञ्चारचक्रमा-** सौः पृथिवीतत्त्वश्रीपादुकां पूजयामि। सौः जलतत्त्वश्रीपादुकां पूजयामि। सौः तेजस्तत्त्वश्रीपादुकां पूजयामि। सौः वायुतत्त्वश्रीपादुकां पूजयामि। सौः आकाशतत्त्वश्रीपादुकां पूजायामि। सौः रसतत्त्वश्रीपादुकां पूजयामि। सौः रूपतत्त्वश्रीपादुकां पूजयामि।

३. **बाहिरबाट दोस्रो पञ्चारचक्रमा-** सौः गन्धतत्त्वश्रीपादुकां पूजयामि। सौः रसतत्त्वश्रीपादुकां पूजयामि। सौः रुपतत्त्वश्रीपादुकां पूजयामि। सौः स्पर्शतत्त्वश्रीपादुकां पूजयामि। सौः शब्दतत्त्वश्रीपादुकां पूजयामि।

४. **बाहिरबाट तेस्रो पञ्चारचक्रमा-** सौः उपस्थतत्त्वश्रीपादुकां पूजयामि। सौः पायुतत्त्वश्रीपादुकां पूजयामि। सौः पादतत्त्वश्रीपादुकां पूजयामि। सौः पाणितत्त्वश्रीपादुकां पूजयामि। सौः वाक्तत्त्वश्रीपादुकां पूजयामि।

५. **बाहिरबाट चौथो पञ्चारचक्रमा-** सौःघ्राणतत्त्वश्रीपादुकां पूजयामि। सौः जिव्हातत्त्वश्रीपादुकां पूजयामि। सौः चक्षुस्तत्त्वश्रीपादुकां पूजयामि। सौः त्वक्तत्त्वश्रीपादुकां पूजयामि। सौः श्रोत्रतत्त्वश्रीपादुकां पूजयामि।

६. **चतुर्दलकमलमा-** सौः मनस्तत्त्वश्रीपादुकां पूजयामि। सौः अहङ्कारतत्त्वश्रीपादुकां पूजयामि। सौः बुद्धितत्त्वश्रीपादुकां पूजयामि। सौः प्रकृतितत्त्वश्रीपादुकां पूजयामि।

७. **कमल भित्रको वृत्तमा-** सौः पुरुषतत्त्वश्रीपादुकां पूजयामि। सौः नियतितत्त्वश्रीपादुकां पूजयामि। सौः कालतत्त्वश्रीपादुकां पूजयामि। सौः रागतत्त्वश्रीपादुकां पूजयामि। सौः कलातत्त्वश्रीपादुकां पूजयामि। सौः अविद्यातत्त्वश्रीपादुकां पूजयामि। सौः मायातत्त्वश्रीपादुकां पूजयामि।

८. **वृत्तभित्रको पञ्चारमा-** सौ शुद्धविद्यातत्त्वश्रीपादुकां पूजयामि। सौः ईश्वर-तत्त्वश्रीपादुकां पूजयामि। सौः सदा शिवतत्त्वश्रीपादुका पूजयामि। सौः शक्तितत्त्वश्रीपादुकां पूजयामि। सौ शिवतत्त्वश्रीपादुकां पूजयामि।

९. **त्र्यसभित्रको त्रिकोणमा-** ऐं सत्त्वगुणाय नमः। क्लीं रजोगुणाय नमः। सौः तमोगुणाय नमः।

१०. **त्रिकोणका रेखाहरूमा-** ऐं इच्छाशक्तिश्रीपादुकां पूजयामि। क्लीं ज्ञानशक्तिश्रीपादुकां पूजयामि। सौः क्रियाशक्तिश्रीपादुकां पूजयामि।

११. **बिन्दुमा-**ऐं क्लीं सौः परशक्त्यम्बाश्रीपादुकां पूजयामि। यस प्रकार रश्मिपूजा गरी मानसिक उपचारहरूले सन्तर्पण गर्नु पर्दछ। "रागद्वेषपशून् हत्वा तर्पयेच्च रसामृतैः" यस विधिवाक्य अनुसार राग- द्वेष तथा मोहरूप खचर-भूचर तथा जलचर पशुको वलि दिई त्यसलाई अनुजीवन गर्ने संस्कार या वासनारूप रक्तको तर्पण गर्नु पर्दछ। द्वादशान्तमा बिन्दुतर्पण पछि यी विकल्पको समेत ग्रासद्वारा निष्कलीकरण गरिन्छ र बिन्दुत्रयको भावना गरी शुक्लबिन्दुलाई त्रिशूलले संयुक्त गरी विसर्गरूप बिन्दुद्वयमा विश्रान्ति गरिन्छ। प्रकाश तथा विमर्श चरणरूप दुई बिन्दुको पूजा गरी "तत्त्वे

विश्रामयेन्मुहुः" अर्थात् परमतत्त्वमा विश्रान्ति लिनु पर्दछ । आफूलाई परासंविद्भट्टारिकाको भावना गरी मिश्रचरणविद्याले पूजा गरी समग्र चराचर जगत्लाई मिश्रचरणमा विलीन गरी बारम्बार जगत्को निष्कलस्वरूपमा विश्रान्तिको भावना गर्नु पर्दछ ।

यस प्रकार आफ्नो चिदानन्दस्वरूपको विमर्शन गरी निम्न मन्त्रले तर्पण गर्नु पर्दछ :-

ऐं आत्मतत्त्वाधिपतिः श्रीपरा तृप्यतु । ईं विद्यातत्त्वाधिपतिः श्रीपरा तृप्यतु । अः शिवतत्त्वाधिपतिः श्रीपरा तृप्यतु ।

तदनन्तर मूलाधारमा त्रिकोणरूप कुण्डको भावना गरी "कुण्डलिन्यधिष्ठितचिदग्निमण्डलाय नमः ।" यस मन्त्रद्वारा अग्निमण्डलको पूजा गरिन्छ । त्यसपछि हवन आरम्भ हुन्छ । यसलाई **अन्तर्यागद्वारा** बुझाइन्छ, जसको आत्मपूजनको जत्तिकै गहन रहस्य छ । अदीक्षितलाई यस शास्त्रमा अधिकार नहुनाले यी सबै अभ्यास दीक्षा अनन्तर मात्र गर्नु पर्दछ ।

॥ ॐ नमः शिवाय ॥

न सा सभा यत्र नसन्ति वृद्धा न ते वृद्धा ये नवदन्ति धर्मम्
नासौ धर्मो यत्र नसत्यमस्ति न तत् सत्यं यच्छलेनानुविद्धम्

(नारदीय मनुस्मृति)

बूढापाकाहरू नभएको सभा पनि सभा होइन; धर्मको कुरा नगर्ने बूढापाका पनि बूढापाका होइनन्; सत्यता नभएको धर्म पनि धर्म होइन अनि छल मिसिएको सत्यता पनि सत्यता होइन ।

तपश्चर्याका असाधारण परिणामहरू

- ऋषिकेश शर्मा

मनुष्यले सांसारिक प्रपञ्चका विषयरूपी वासनाहरूलाई त्यागेर परमेश्वरको ध्यानमा एकाग्र भएर मन, चित्त, बुद्धि र अहंकारको शोधन गर्ने आफ्नो आत्मालाई परिष्कृत रूपमा परब्रह्म परमात्माको आनन्दस्वरूपमा मिलाउने तल्लीनतालाई पश्चर्या भनिन्छ । हाम्रा आर्ष ग्रन्थहरूमा तपश्चर्याका अनेकौं वृत्तान्तहरू पाइन्छन् तापनि शास्त्रहरूको मन्तव्य अनुसार गायत्रीको उपासना ठूलो तपस्या हो । स्कन्दपुराण अनुसार गायत्री नै तपयोग हुन्। गायत्रीको ध्यान सवैभन्दा ठूलो ध्यान र साधन हो। गायत्री माता समान सिद्धि प्रदान गर्ने र ठूला अरू कुनै पनि तपसाधन छैनन् ।

गायत्रीलाई पापनाशिनी, मोक्षदायिनी र कल्याणकारिणी भनेको छ। यी महाशक्तिको उपासना वास्तवमा एउटा यस्तो तपश्चर्या हो जुन गृहस्थी वैरागी, स्त्री, पुरुष, बालक तथा वृद्धले समान रूपले आफ्नो-आफ्नो सुविधा अनुसार गर्न सक्दछन्। तपस्या नै एक मात्र साधन हो जसले नरकरूपी घोर समुद्रमा खस्न लागेको मानिसलाई बचाउँछ र पाप-कार्यबाट बचाएर आत्म शक्ति बढाउँछ । गायत्री माताको तपस्यावाट प्राप्त आत्मशक्ति नै संसारको सर्वोच्च बस्तु हो जसबाट मानिसले इच्छानुकूल पदार्थ, मनोवाञ्छित परिस्थिति र अक्षय शक्ति प्राप्त गरी परमानन्द प्राप्त गर्न सक्तछन्। दिव्य शक्तिहरू पाउँन र ईश्वरीय कृपा उपलब्ध गर्न पनि गायत्रीको तपद्वारा उपार्जन गरेको शक्तिको आवश्यकता हुन्छ ।

एउटा कथा छ- आदि कालमा जब नील कमलको फूलमा ब्रह्माजी उत्पन्न हुनुभयो, त्यसवेला उहाँ एक्लै हुनुहुन्थ्यो । उहाँले धेरै सोचविचार गर्नु भयो । जब कुनै निश्चित तथ्य उहाँको मनमा आएन, त्यसै बेला गायत्री देवीको तपस्या गर्न आकाशवाणी भयो। ब्रह्माजीले जब लामो समयसम्म तप गर्नु भयो, त्यसपछि मात्र उहाँलाई आत्मज्ञान भयो, सावित्री प्राप्त भइन् जसको सहायताले उहाँले चार वेदको रचना गर्नुभयो । यस्तै देवता र दानवहरूद्वारा समुद्र मन्थनका लागि घोर तपस्या गरेको अर्को कथा पनि छ। तात्पर्य के हो भने ज्ञान र विज्ञानको, चेतन र जडको मूल कारण तप हो। तपस्या नभएसम्म कुनै पनि वस्तुको वास्तविक तत्व अथवा गुण थाहा पाउँन सम्भव हुँदैन ।

गायत्री - तपश्चर्याको शक्ति असाधारण र असामान्य छ। स्वयम्भू मनु र शतरूपा रानीले गायत्रीकै आश्रय लिएर भगवान्लाई आफ्नो काखमा खेलाउँन पाएका हुन् । राजा दशरथ र रानी कौशल्याले तपद्वारा नै रामलाई पाएका हुन्। नन्द र यशोदा, देवकी र वासुदेवले पनि पूर्व जन्ममा गायत्रीको तपस्या गरेका हुनाले भगवान्का माता-पिता बन्ने अवसर पाएका हुन्। ईश्वरीय आत्माहरूलाई पनि तपस्या गर्नु परेको थियो किनभने तप विना उनीहरूको शरीर पनि ब्रह्माजीको जस्तै नै अशक्त र चिन्ताकूल थियो । रामचन्द्र विश्वामित्रको आश्रममा जानु र चौध वर्षसम्म वनवासमा तपस्वीको जीवन बिताउनु पनि तपस्या नै हो। लक्ष्मणले चौध वर्षसम्म गायत्रीको साधना गरेको कुरा पनि प्रसिद्ध छ । सीताले वनवासमा , अशोक बाटिकामा र अन्त्यमा बाल्मीकि आश्रममा तप गरेकी थिइन्। भरतले तपको प्रभावले नै हनुमान्लाई वाणमा

बसाएर लंका पुऱ्याउन सकेका थिए ।

भगवान् शंकरजी ता साक्षात् योगिराज पनि हुनुहुन्थ्यो। योगाभ्यास र तपस्या नै उहाँको मुख्य कार्य थियो । शंकरजीका वेश-भूषाको अनुकरण गरेर योगीहरूको योग र तपसाधनाको परम्परा बन्यो । भगवान् शंकरका अनेक लामा समाधिहरूको वर्णन ग्रन्थहरूमा पाइन्छ । यस्ता अद्भुतलाई पुनर्विवाहको लागि तैयार पार्नु कुनै साधारण कार्य थिएन तापनि पार्वतीको उग्र तपस्याले गर्दा असाधारण पनि साधारण हुन गयो । भगवान्का चौबीस अवतारका कथाहरूले पनि तपस्याको महत्तालाई प्रस्तुत गरेका छन् । यद्यपि उनीहरू पूर्ण आत्मा थिए तापनि स्थूल, सूक्ष्म र कारण शरीरमा आवश्यक क्षमता प्राप्त गर्नका लागि पनि तपस्या गर्नु आवश्यक थियो। देवताहरू पनि तपको प्रभावबाटनै देवतत्त्वका अधिकारीभएका छन् । इन्द्रलाई इन्द्र पदवी प्राप्त भएको पनि तपस्याकै कारणले हो। अतः तपस्याले देवत्व प्राप्त हुन्छ, यो सत्य हो । प्रत्येक धर्म-सम्प्रदायका महापुरुष महात्माहरूले तपस्याकै मार्ग अपनाएर सिद्धि प्राप्त गरेका हुन् । भगवान् बुद्ध, भगवान् महावीर जैन, ईसामसीह, हजरत मोहम्मद, जरथुस्त्र, सुकरात, जगद्गुरु शंकरांचार्य, माधवाचार्य, महर्षि अरविन्द, दयानन्द सरस्वती, महर्षि रमण, राम कृष्ण परमहंस, राम तीर्थ, स्वामी विवेकानन्द, महात्मा गान्धि, विनोवा भावे मदनमोहन मालवीय, जयदयाल गोयन्का आदिलाई यहाँ उदाहरणका रूपमा राख्न सकिन्छ ।

त्यस्तै नेपाल स्वर्गद्वारीका चैतन्य महाप्रभु जसले ४०।४५ वर्षसम्म गायत्रीको तपस्या गर्नु भएको थियो, त्रिवेणी तीर्थ धामका बालापुरी स्वामीजी, देवघाटका गलेश्वर ब्रह्मचारी वावा, दिङ्लाका खडानन्द स्वामी, इलामका स्वामी सोमेश्वरानन्द आदि नेपालका धेरै विभूतिहरूले यही मार्ग अपनाएर जीवन व्यतीत गरेका हुनाले हालसम्म पनि उनीहरू आदरणीय भइरहेका छन् । तिनीहरू मध्ये प्रत्येकले आ-आफ्ना ढङ्गले आत्मशुद्धि र दिव्य शक्ति प्राप्त गर्नका लागि ब्रह्मचर्य व्रत, उपवास, आराधना, साधना आदि तपश्चर्या अवलम्बन गरेका थिए ।

यसरी हेर्दा तपका धेरै मार्ग छन् । साधकले अनेक पद्धतिहरूद्वारा आफ्नो साधना गर्दछन् र त्यसबाट यथासम्भव लाभ पनि पाएका छन् तर अध्यात्म विज्ञानका सूक्ष्मदर्शी ऋषिहरूले आफ्नो योगबलबाट गायत्री महाशक्तिको सहायता नभई कुनै पनि तप धेरै फलदायी हुन सक्तैन भनी देखेका थिए । यस कारण उपासना पद्धतिमा यस महामन्त्रलाई सबैभन्दा धेरै महत्त्व दिएको छ र प्रायः सबै ऋषि-महर्षिहरू यसै गायत्रीरूपी राजमार्गबाट हिंडेका छन्। प्राचीन ऋषि-महर्षिहरूमा तपस्याकै कारणले विशेष शक्तिहरू भएका हुन् । विश्वामित्र, भृगु, वशिष्ठ, याज्ञवल्क्य, अत्रि, भरद्वाज, गौतम, कपिल, कणाद, पतञ्जलि, व्यास, वाल्मीकि, च्यवन, शुकदेव, नारद, दुर्वासा आदि ऋषिहरूका जीवन वृत्तान्त माथि सिंहावलोकन गर्दा के थाहा पाइन्छ भने गायत्री साधनाको कारण उनीहरू महान् बनेका हुन् ।

महर्षि विश्वामित्रले आफ्नो तपोबलद्वारा नयाँ सृष्टि गरेको र त्रिशंकु राजालाई जिउँदै स्वर्ग पठाएको कथा प्रसिद्ध छ। वशिष्ठकी कामधेनु (गायत्री) गाईलाई जबर्जस्ती लैजानका लागि जब राजा विश्वामित्र फौज सहित गएका थिए, त्यस बखतमा वशिष्ठले निरस्त्र भएर पनि राजाका सबै सेनालाई परास्त गरी दिएका थिए। कामधेनु (गायत्री) गाईका शरीरबाट सहस्रौं फौज उत्पन्न भएर विश्वामित्रका सम्पूर्ण सेनाहरूलाई परास्त गरे । यसैबाट लज्जित भएर विश्वामित्रले पनि गायत्रीको ठूलो तपस्या गरे र अन्त्यमा क्षत्री भए पनि ब्रह्मर्षि पद प्राप्त गर्न सकेका हुन् । यस प्रकारका असंख्य कथाहरू छन् जसबाट के स्पष्ट हुन्छ भने गायत्री तपद्वारा तपस्वीमा दिव्य, विलक्षण शक्तिहरू उत्पन्न हुन्छन् ।

तपस्याबाट शक्ति प्राप्त भए पछि मात्र तपस्वीलाई

निश्चित रूपबाट आत्म शक्ति मिल्छ अनि देवता र ऋषिमहर्षिहरूको वरदान वर्षन शुरू हुन्छ। इतिहास र पुराणहरू साक्षी छन् तपस्वीहरूलाई देवता र ऋषिहरूका वरदानबाट अनेक प्रकारका दिव्य-शक्तिहरू प्राप्त भएर उनीहरू असाधारण लाभले लाभान्वित भएका हुन्। तपस्याद्वारा सांसारिक सुख र सौभाग्यले परिपूर्ण हुनेहरूको उदाहरण पनि कम छैन । ध्रुवले तपस्याकै शक्तिले राज्य पाएका थिए। राजा दिलिपका सन्तान थिएनन्। उनले महर्षि वशिष्ठको आज्ञानुसार पत्नी सहित नन्दिनीको उपासना गरेर महाप्रतापी भगीरथ पुत्र प्राप्त गरेका थिए। योगिराज मत्स्येन्द्रनाथको भस्म विभूतिद्वारा महायोगी गोरखनाथको जन्म भयो। अन्जनीले कठिन तप गरेर वजरंगवली हनुमान्लाई प्राप्त गर्न सकिन्। कर्णले गायत्रीका सविता देवको आराधना गरेका कारणले नित्य सय मन सुन प्राप्त हुने मणि पाएका थिए जुन सुन उनी दिनहुँ दान गर्थे। परशुराम एक्लै पृथ्वीका समस्त क्षत्रिय राजाहरूको संहार गर्न सफल भए। धौम्य ऋषिका आशीर्वाद मात्रले पनि अरूणीलाई समस्त विद्याहरू प्राप्त भएका थिए। दधीचऋषिका हड्डीहरूमा यति प्रचण्ड तेज आएको थियो कि उनकै हड्डीद्वारा बनेको तेजस्वी अस्त्रले वृत्रासुरलाई मार्न देवताहरू सफल भए।

गायत्री माताका काखमा खेल्न पाउने अधिकार तिनका पुत्रपुत्री दुवैलाई वरावर छ। जसरी माताको दूध पुत्रपुत्री दुवैले पिउँछन्, त्यसरी नै गायत्री माताको उपासना पनि गर्न सक्तछन्। इतिहास र पुराणहरूबाट के जान्न सकिन्छ भने प्राचीन कालमा नारीहरू पनि पुरुष बराबर तपस्याका क्षेत्रमा अगाडि बढेका थिए। जगदम्बा पार्वती माताको तप अति प्रसिद्ध छ। गार्गी, सुलेमा, चुडाला, मैत्रेयी, अनसूया, अरुन्धती, अहिल्या, मदालसा, गान्धारी, देवयानी, द्रौपदी, गौतमी, अपालादिति, अदिति, शची, सुकन्या, घोषा, लोपमुदा आदि असंख्य नारीहरू तपस्या र आत्मशक्तिमा पुरुष तपस्वीहरूभन्दा कुनै कम थिएनन्। अनसूयाका तपोवलले ब्रह्मा, विष्णु, महेश सम्मलाई ५/६ महिनाको बालक बनाइदिएको थियो। सती शाण्डिलीको तपोवलले सूर्यको रथलाई रोकिदिएको थियो। सावित्रीले तपोबलको आधारमा आफ्ना पतिलाई यमराजबाट छुटाएकी थिइन्।

यद्यपि तपश्चर्याका अन्य अनेकौं मार्ग छन् तर ती सबैमा सूक्ष्मरूपबाट गायत्रीको नै विधान व्याप्त रहेको पाइन्छ। गायत्री मन्त्रद्वारा नै धेरैजसो तपस्वी तपस्या गर्दछन् किनभने यो बाटो सबैभन्दा सरल सर्वसुलभ, हानिरहित र शीघ्रफल दिने तथा नारी-पुरुष, बाल-वृद्ध सबैको लागि लाभप्रद छ जसले गायत्रीको उपासना गर्दछन्, तिनले धर्म-अर्थ-काम- मोक्ष यी चारै पदार्थहरूलाई प्राप्त गरेर ठूलो सफलता पाउन सक्छन् भनेर शास्त्रले बताएका छन्।

जनिता चोपनेता च यस्तु विद्यां प्रयच्छति
अन्नदाता भयत्राता पञ्चैते पितरः स्मृताः

(चाणक्य नीति)

जन्म दिने, मन्त्र दान दिने (मन्त्र सुनाउने),
विद्या दान दिने, अन्न दिने र भयबाट रक्षा गर्ने
यी पाँच सबै नै पिता मानिन्छन्।

सिद्धान्त शैव दर्शन

- दुर्गाप्रसाद दवाडी

दर्शन शब्दको सामान्य अर्थ देख्नु हुन्छ, अर्थात् चाक्षुष ज्ञान, चक्षुद्वारा नेत्रद्वारा ज्ञान गर्नु । "दृशिर् प्रेक्षणे" धातुपाठमा पठित धातुको चाक्षुषज्ञानानुकूल व्यापारः भन्ने अर्थ गरिन्छ । यसमा चाक्षुषविशेषको प्रमोष (त्याग) गरेर ज्ञान सामान्य अर्थ रहन्छ र त्यसको लक्षणाद्वारा "तत्त्वज्ञानानुकूलव्यापारः" अर्थ गरिन्छ । तत्त्वज्ञान दर्शनको अर्थ हुन्छ । दर्शन शास्त्रहरूमा तत्त्वज्ञानको फल निःश्रेयस प्राप्ति, मोक्ष वताइएको छ [१]। यसको भाव दर्शनशास्त्रद्वारा तत्त्वज्ञान र त्यसले मोक्ष भन्ने हुन्छ। दर्शन शास्त्रले तत्त्वज्ञान र यसले मोक्ष हुने भए दर्शनशास्त्रहरू भिन्न किन ? यो प्रश्न हुन्छ। त्यसको उत्तरमा जस्तै सोझो बाटोबाट आउने गङ्गा नर्मदा आदि नदीको समुद्र साक्षात्प्राप्य हुन्छ र बाङ्गो बाटोबाट आउने यमुना सरयू आदिको गङ्गा आदिमा प्रवेशद्वारा परम्परया समुद्र प्राप्य हुन्छ। त्यस्तै वेदान्तादि कुनै दर्शनले सोझै मोक्ष प्राप्ति गराउँछन् भने कुनैले अन्तः करणशुद्धितारतम्यद्वारा परम्पराया मोक्ष प्राप्ति गराउँछन्। ऋजुमार्ग हुँदा हुँदै कुटिल पन्था किन ग्रहण गरिन्छ भन्दा रूचिको वैचित्र्यले, प्रत्येक मनुष्यको भिन्न भिन्न रूचि हुनाले, तत्तत् शास्त्र प्रस्थानमा "यो मेरो हितकर हो, यो मेरो हिकर हो "यस्तो आफ्नो पूर्वजन्मको कर्मवासनाले ऋजुत्व र कुटिलत्वको निश्चय- सामर्थ्य नहुनाले कुटिलमा पनि ऋजुत्वको भ्रान्तिले प्रवृत्ति हुन सक्छ र दर्शन भेद यसैकारणले भएको हो ।

त्यसो हुँदा पदार्थको मूल तत्त्वको दर्शन जुन शास्त्रले गरिन्छ यो दर्शन हो। मूलतत्वको अन्वेषण नै मोक्षको साधन हो । मूलतत्त्वको अन्वेषण प्रमाणहरूद्वारा गरिन्छ र प्रमाणहरू अनेक मानिएका छन् जसमध्ये तीन प्रमाणहरूलाई मुख्य मान्न सकिन्छ । ती मुख्य प्रमाण प्रत्यक्ष, अनुमान र शब्द हुन्। कारणको भेदले कार्यमा भेद हुन्छ र प्रमाणहरूको भेदले दर्शनहरूमा भेद हुनु पनि स्वाभाविकै हो। ती तीन प्रमाणाश्रित भएका दर्शनहरूलाई सर्वप्रथम तीन वर्गमा नै विभाग गर्न सकिन्छ - प्रत्यक्ष प्रमाणाश्रित दर्शन, अनुमान प्रमाणाश्रित दर्शन र शब्द प्रमाश्रित दर्शन । अथवा यसो भनौं-दर्शनकारहरूको तीन वर्ग भयो- प्रत्यक्ष प्रमाणाश्रित (आध्यक्षिक) अनुमान प्रमाश्रित (तार्किक) र शब्द प्रमाणाश्रित (श्रौत) त्यसमा प्रत्यक्षलाई मात्रै प्रमाण मान्ने (आध्यक्षिक) दार्शनिकहरूको भेद छैन र त्यस्तो दर्शनकार केवल एक मात्र चार्वाक मानिएका छन्। अनुमान (तर्क) को आश्रय लिने दार्शनिकहरूको दुई भेद गर्न सकिन्छ - आस्तिक र नास्तिक । श्रुतिनिरपेक्ष तर्कको आश्रय लिने नास्तिक हुन् भने श्रुतिसापेक्ष तर्कको आश्रय लिने आस्तिक हुन्। यो यस्तै हो भनेर ठोकुवा गर्ने ऐकान्तिक हुन् र ती बौद्ध दर्शनानुयायी दार्शनिक भनिन्छन् । उनीहरू 'सर्वं दुःखम्, सर्वं क्षणिकम्, सर्वं स्वलक्षणम्, सर्वं शून्यम् 'भन्ने मान्यतामा दृढ हुन्छन्। 'स्यादस्ति स्यान्नास्ति 'सम्भवतः वस्तु (द्रव्यरूपेण) नित्य छ, सम्भवतः वस्तु (पर्यायरूपेण) अनित्य छ, यस रीतिले वस्तुको स्वरूपतामा दृढ नरहने

---

१. (क) प्रमाणप्रमेयसंशयप्रयोजनदृष्टान्तसिद्धान्तावयवतर्कनिर्णयवादजल्पवितण्डाहेत्वाभासच्छलजातिनिग्रहस्थानानां तत्त्वज्ञानान्निःश्रेयसाधिगमः (न्याय सूत्र १।१।१)

(ख) धर्मविशेष प्रसूताद् द्रव्यगुणकर्मसामान्यविशेषसवायानां पदार्थानां साधर्म्यवैधर्म्याभ्यां तत्त्वज्ञानान्निःश्रेयसाधिगमः (वैशेषिक सूत्र (१।१।४)

अनेक रूपता स्वीकार गर्ने दार्शनिक अनैकान्ति हुन्। जैनदर्शन अनैकान्तिक दर्शन हो। चार्वाकलाई पनि श्रुति प्रामाण्य नमान्ने हुनाले नास्तिक नै मानिन्छ। आस्तिक दर्शनकारहरूलाई सर्वप्रथम दुई वर्गमा विभाग गर्न सकिन्छ - निर्गुणात्मवादी र सगुणात्मवादी। यी दुईलाई पुनः दुई-दुई वर्गमा राख्न सकिन्छ- तर्कलाई प्रमुखता दिने (तार्किक) र श्रुतिलाई प्रमुखता दिने (श्रौत)। निर्गुणात्मवादी तार्किकका पुनः दुई भेद गर्न सकिन्छ - निरीश्वरवादी (सांख्य) र सेश्वरवादी (पातञ्जल योगदर्शन)। निर्गुणात्मवादी श्रौत दार्शनिकहरूमा शङ्कराचार्य प्रमुख हुनुहुन्छ। शाङ्कर प्रस्थानमा पनि भाभती प्रस्थान, विवरण प्रस्थान आदि भेद मानिएका छन्। सगुणात्मवादी श्रौतका दुई भेद गर्न सकिन्छ -वाक्यार्थवादी (मीमांसक) र पदार्थवादी (वैयाकरण, पाणिनि)। सगुणात्मवादी तार्किकका दुई भेद गर्न सकिन्छ - प्रच्छन्नतार्किक र स्पष्टतार्किक। त्यसमा पनि प्रच्छन्नर्किकका दुई भेद गर्न सकिन्छ प्रच्छन्नद्वैत (रामानुज) र स्पष्टद्वैत (मध्व वा पूर्णप्रज्ञ)। स्पष्ट तार्किकका पुनः दुई भेद गर्न सकिन्छ - उत्पत्तिसाधनादृष्टवादी र भोगसाधनादृष्टवादी। उत्पत्तिसाधनादृष्टवादी (अदृष्ट धर्माधर्मको कर्म उत्पत्तिसाधन हो भन्ने मान्ने) लाई दुई भेद गर्न सकिन्छ- शब्दको पृथक् प्रामाण्य स्वीकार गर्ने (नैयायिक) र शब्दको पृथक् प्रामाण्य स्वीकार नगर्ने (शब्दलाई अनुमानमा अन्तर्भाव मान्ने वैशेषिक)। भोगसाधनादृष्टवादी (धर्माधर्म कर्मजन्य होइन, कर्म नै धर्म हो, कर्मले नै भोग हुन्छ भन्ने) दार्शनिकहरूको पुनः दुई भेद गर्न सकिन्छ - जीवन्मुक्तिवादी र विदेहमुक्तिवादी। जीवन्मुक्तिवादी दार्शनिक सेश्वरवादी दार्शनिक हुन्। उनीहरू पारदको शोधन गरेर त्यसको प्रयोग गरेमा यसै शरीरमा जीवन्मुक्त भइन्छ भन्छन्। विदेहमुक्तिवादीका पुनः दुई भेद मान्न सकिन्छ - आत्मैक्यवादी र आत्मभेदवादी। आत्मैक्यवादी दार्शनिक प्रत्यभिज्ञावादी हुन्। आत्मभेदवादी दार्शनिकका पुनः दुई भेद गर्न सकिन्छ-कर्मनिरपेक्षेश्वरवादी, (नकुलीश पाशुपत) र कर्मसापेक्षेश्वरवादी (सिद्धान्तशैव)। यहाँ प्रतिपाद्य सिद्धान्तशैव दर्शन दर्शनको विभागमा अन्य सबैभन्दा पछिल्लो हो।

प्रस्तुत कार्यपत्र सिद्धान्त शैव दर्शन विषयक हुनाले अब यस दर्शनको संक्षिप्त विवेचन प्रस्तुत गरिन्छ। नकलीश पाशुपत दर्शनमा पति, पशु र पाशादि पदार्थको विवेचन गरिएको छ र यस दर्शनले वैष्णव दर्शनहरूको न्यूनता देखाएको छ। वैष्णवदर्शनहरू (रामानुज, मध्व आदि) ले ईश्वरको दासत्वादि प्राप्तिरूप मोक्ष मानेको हुनाले दासता परन्त्र नै हुन्छ, जो परतन्त्र छ त्यसलाई मुक्त कसरी मान्ने भनेर दोष देखाएको छ। त्यसको निराकरण नकुलीशपाशुपत दर्शनले गरेको छ। साथै परमेश्वर परमस्वतन्त्र भएको हुनाले कर्मादि निरपेक्ष कारण छ र जीवलाई मुक्त गर्छ भनेको हुनाले परमेश्वरमा वैषम्य र नैर्घृण्य दोष आउँछ। त्यस दोषको निराकरण सिद्धान्तशैवदर्शनले गरेको छ। यस दर्शनानुसार कर्मसापेक्ष परमेश्वर सृष्ट्यादिको कारण हो। सर्वथा निरपेक्ष ईश्वरले संसारमा कुनै प्रणालीलाई सुखी, कुनैलाई दुःखी बनाउँदा ईश्वर पक्षपाती हुने भए र उनमा विषम दृष्टिको आरोप हुने भयो। साथै परमेश्वर निर्घृण (निर्दय) पनि हुने भए। समर्थ भएर पनि दुःखी प्राणीको दुःख नहटाउने हुनाले उनीलाई दयारहित भन्न पनि सकिन्छ। संसारको निर्दयता पूर्वक संहार गर्नाले पनि ईश्वरमा उक्त दोष आउन सक्छ। परमेश्वरमा आउने उक्त दोष दूर गर्न सिद्धान्तशैवदर्शनले कर्मसापेक्षताको सिद्धान्त अंगालेको छ। प्राणीको कर्मानुसारनै ईश्वरले फल दिनु हुन्छ। साथै परमशिव परमेश्वर पशुपति दयालु पनि हुनुहुन्छ। पशुको कर्मफल भोगाएर त्यसलाई शुद्ध पारेर पाशबाट छुटाएर अनुग्रह शक्तिपातद्वारा मोक्ष पदमा पुऱ्याउनु हुन्छ।

यस दर्शन अनुसार तत्त्वविवेचन पशु, पति, पाश यी तीन पदार्थ मानिएका छन्। त्यसमा पति अर्थात् शिव सर्वप्रथम तत्त्व हुन्। अनादि सर्वकर्ता सर्वज्ञ परमशिवले, अनादिकालीन मल, कर्म, माया र परमेश्वरको निरोधशक्तिले परमेश्वरदेखि विषम पारिएको बन्ध (पाश) ले युक्त भएको पशुको पाशजाल काटिदिनु हुन्छ[२]। कथनको आशय यो हो कि मल, कर्म, निरोधशक्तिद्वारा (सर्वज्ञ, सर्वकर्ता परमशिवको स्वात्मप्रच्छादन क्रीडाद्वारा) स्वयं शिव अणु बन्नु हुन्छ । त्यस पछि उहाँमा अरू बन्धन पनि हुन जान्छन् । बन्धको अपोहन (निरसन, खण्डन) भएमा शिवत्व नै छ । त्यसो हुँदा अणु (जीव) को शिवसित विषमता हुनुमा मल, कर्म, निरोधशक्ति मुख्य र माया आदि पनि कारण हुन् । पशुको योग्यतालाई अपेक्षा गरेर सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह रूप पञ्चविधकृत्यकारी परमेश्वर परमशिवले अनुग्रह कृत्यमा प्रवृत्त भएर पाशजाललाई अपोहन गर्नु हन्छ। शैव शास्त्रको प्रथमसूत्रले तीन पदार्थ पशु, पति र पाशको सूचन गर्छ। त्यसले नै यस शास्त्रका चार पाद छन् भन्ने पनि सूचित गर्छ । "पाशजालमपोहति" पाजजाललाई काटिदिनु हुन्छ-. यस अपोहन निरसन क्रियाद्वारा क्रिया, चर्या र योग यी तीन पाद र पशु, पति, पाश यस पदार्थ विभाजनद्वारा विद्यापाद नामक चौथा पाद मिलाएर यस दर्शनका चार पाद छन् भन्ने सूचित हुन्छ। यस अर्थलाई सूचित गर्ने सूत्रलाई माघवाचार्यले सर्वदर्शन संग्रहमा पनि प्रमुखता दिनु भएको छ [३]। यो शैवशास्त्र महातन्त्र भनिएको छ। यसले दर्शनान्तरभन्दा अधिक फल दिने हुनाले नै यसो भनिएको हो । साथै शिवमा भेद्र कसरी भयो भन्ने कुरा देखाउनाले तथा तत्तत् प्रमेयको तन्त्र (संक्षेप) गरेकोले पनि यो महातन्त्र हो । यस शास्त्रका प्रवर्तक स्वयं जगद्गुरु जगत्पति श्रीकण्ठनाथ हुनुहुन्छ । यस शास्त्रको प्रथम पाद विद्यापादमा पशु, प्राश र पति (ईश्वर)को निरूपण गरिएको छ भने क्रियापादमा अनेक प्रकारको साङ्गदीक्षाविधि बताइएको छ । शैवी दीक्षा प्राप्त गरेर पशु पाश जालबाट मुक्त हुन सक्छ, त्यसो हुँदा त्यस दीक्षाको विधि प्रतिपादन क्रियापादमा गरिएको हो । यसरी ज्ञान र क्रियाको क्रम जाने पनि समाधिको अभ्यास नगरेमा चित्तको एकाग्रताको अभावमा (निदिध्यासनको अभावमा) आत्मज्ञान हुन नसक्ने हुनाले नियमासनप्राणायामादि अङ्ग सहितको समाधिको वर्णन योगपादमा गरिएको छ । विहित (वेदविहित) कर्मको आचरण र निषिद्ध (वेदमा निषिद्ध-सबै प्राणीको हिंसा नगर्नु, असत्य नबोल्नु इत्यादि) कर्मको वर्जन चर्या हो। यो चर्या नभई मुक्त हुन सकिन्न। त्यसो हुँदा यस शास्त्रको चतुर्थपाद चर्यापाद हो। यी चारैपादको विवेचन यहाँ अशक्य हुँदा केवल विद्यापादको संक्षिप्त विवेचन गर्ने प्रयत्न गरिन्छ। पति, पशु, पाश, यी तीन पदार्थको विवेचन विद्यापादमा गरिंएको छ।

पति-पदार्थ

पति भन्नाले शिवलाई बुझ्नुपर्छ । यद्यपि मुक्तात्मा विद्येश्वर आदिको पनि शिवत्व हुन्छ किन्तु उनीहरू परमेश्वर परम शिवको अधीन हुनाले तिनमा स्वातन्त्र्य हुँदैन। परमशिव परम स्वतन्त्र हुनु हुन्छ भने

---

२. अथानादिमलापेतः सर्वकृत् सर्वविच्छिवः ।
पूर्व व्यतासितस्याणोः पाशजालं व्यपोहति ॥ (मृगेन्द्रागम मृगेन्द्रतन्त्र १। २। २)

३. त्रिपदार्थं चतुष्पादं महातन्त्रं जगद्गुरुः
सूत्रेणैकेन संक्षिप्य प्राह विस्तरशः पुनः ॥ (मृगेन्द्रागम २।२)

उहाँदेखि भिन्न सबै परतन्त्र छन्; मल, कर्म, माया आदिले बाँधिएका छन्। परमशिवलाई पशुपति नामले वेदमा पनि निर्देश गरिएको छ[४]। पशुपति केवल चतुष्पादका (चौपाया मृगादि गवादि पशुहरूका) मात्रै पति हुनुहुन्न, अपितु सबैका पति हुनुहुन्छ; सर्वज्ञ, स्वतन्त्र सर्वकर्ता हुनुहुन्छ। परमशिव पशुपति सर्वव्यापी, अनादि, अनन्त (नित्य) अनादिमुक्त, निर्मल, चिद्घन, प्रभु, शान्त र सर्गादि कर्ता भए पनि निर्विकार हुनहुन्छ [५]। कमलादिको उन्मीलनकर्ता भए पनि भगवान् सूर्य जसरी त्यस उन्मीलन विकारले रहित हुनुहुन्छ, त्यस्तै परम शिव पनि जगत्का निमित्त कारण हुनुहुन्छ। जगत्को उपादान (असमवायी) कारण ईश्वरकी शक्ति हुन् भने माया समवायी कारण हुन् -

निमिकारणं त्वीशो ह्युपादनञ्च शक्तयः।
समवायी तथा माया क्रममेतज्जगन्नयम्॥

यद्यपि शिव र शक्तिमा भेद छैन भन्ने सर्वत्र शैवशास्त्रहरूमा वर्णन पाइन्छ, "शक्तिशक्तिमतोर्भेदः शैवे जातु नमन्यते "भन्ने छ तापनि शिवतत्त्व नै सर्वतत्त्वमय हुनाले आत्मप्रच्छादन क्रीडामा तत्पर, शिव नै शक्तिरूपमा परिणत हुनुहुन्छ, र छत्तीस तत्त्वको विस्तार हुन्छ। भगवान् परमशिव पशुपतिका अनन्त शक्ति छन्। प्रकाशानन्दमय पूर्ण परमेश्वर शिव इच्छा शक्तिको समावेश भएमा ईश्वरदशालाई प्राप्त गर्नुहुन्छ। यस रीतिले परमशिवमा शक्ति, सदाशिव र ईश्वर तत्त्वको आविभार्व पछि शुद्धाविद्या तत्त्वको आविर्भाव हुन्छ। यसबाट माया तत्त्वको उत्पत्ति हुन्छ। शुद्धविद्यासम्मको सृष्टि शुद्धसृष्टि भनिन्छ। माया र माया पछिको सृष्टि अशुद्ध सृष्टि भनिन्छ। शुद्ध सृष्टिका कर्ता साक्षात् परमशिव नै मानिनु हुन्छ [६]। अशुद्ध सृष्टि भने शुद्ध विद्याका अधिष्ठातादेव मन्मेश्वर अनन्तनाथ [७] हुनुहुन्छ। धर्म र अधर्मरूप कर्म छ, जुन सुख र दुःखले जान्न सकिन्छ। ईश्वरको इच्छाले (जव जीवलाई) भोगको इच्छा हुन्छ तव मन्मराज (अनन्तनाथ) मायामा आविष्ट भएर जगत्को उत्पत्ति गर्नु हुन्छ [८]। त्यस पछि मायाका पञ्चकञ्चुक कला, विद्या, राग, नियति र कालतत्त्वको सृष्टि हुन्छ। मायाको स्वरूप वेदान्त दर्शनमा (अज्ञानको रूपमा वर्णन गरिएको) सत्त्वेन, असत्त्वेन अनिवर्चनीय भावरूप ज्ञान विरोधी बताइएको छ [९] भने शैवशास्त्रमा चाहिं व्यापिनी, निष्कला, अनाद्यन्ता, व्ययहीना मानिएकी छन्। उनैले (मायाले) सर्वप्रथम कलातत्त्वलाई उत्पन्न गर्छिन् जुन कलातत्त्व उत्पन्न गर्दा (सर्वकर्ता शिवस्वरूप) जीव आफूलाई यत्किञ्चित् कर्ता सम्झन्छ। त्यस पछि विद्या र राग सृष्टि गर्छिन्। विद्या (अशुद्धविद्या) ले गर्दा सर्वज्ञ

---

४. नमः शङ्कवे च पशुपतये च नम उग्राय चं भीमाय च नमः। (शुक्ल यजुः संहिता)।

५. तत्रेशः सर्वकृच्छान्तः सर्वज्ञः सर्वकृत्प्रभुः
सकलो निष्कलो नन्तः शक्तिरप्यास्य तद्विधा।
स सिसृक्षुर्जगत्सृष्टे रादावेवनिजेच्छया॥ १८॥ (मालिनी विजयोत्तर तन्त्र १। १८)

६. शुद्धे ऽ ध्वनि शिवः कर्ता

७. (क) अशुद्धे पुनरध्वानमनन्तापरनामाघोरेशः सृजति। (तन्त्रसार पृष्ठ ७५)॥

८. धर्माधर्मात्मकं कर्म सुखदुःखादिलक्षणम्।
ईश्वरेच्छावशादस्य भोगेच्छा संप्रजायते॥
भोग साधन संसिद्धथ्यै भोगेच्छोरस्य मन्त्रराट्।
जगदुत्पादयामास मायामाविश्य शक्तिभिः॥ (मालिनी विजयोत्तर तन्त्र १। २४,२५)

९. अज्ञानन्तु सदसदभ्यामनिर्वचनीयं ज्ञानविरोधी भावरूपं किञ्चिदिति वदन्ति (वेदान्तसार)

शिव किञ्चित् (केही मात्रै जान्ने) हुन्छन् । रागले गर्दा शिव अशुचि (अपवित्र) भोगमा रक्त हुन्छन्, नित्य तृप्त शिव अतृप्त भएर भोगमा तृप्ति मान्न थाल्छन् । त्यसपछि नियति कञ्चुकको सृष्टिले सर्वतन्त्र स्वतन्त्र शिव नियति (भाग्य) को अधीनमा (परतन्त्र) हुन जान्छन् । नियतिले त्यस जीवलाई कर्ममा लगाउँछ । त्यसपछि कालकञ्चुकको सृष्टिले शिव सर्वदैव विद्यमान भए पनि म यस कालमा छु , मेरो आयु घट्दो छ "भन्ने भावना गर्न थाल्छन् [10] । यस अवस्थामा परमशिव पुरुषका रूपमा परिणत भइसक्छन् । मायाबाट नै सांख्यशास्त्रमा स्वीकृत प्रकृतिको उत्पत्ति हुन्छ । सांख्यशास्त्रमा बताइएका पच्चीसतत्त्व पुरुष, प्रकृति, महत्तत्त्व, अहङ्कार, पञ्चतन्मात्रा, एकादश इन्द्रिय, पञ्चमहाभूत हुन् जुन शैवशास्त्रमा पनि स्वीकृत छन् । मायाका पाँच कञ्चुक र माया, शुद्धविद्या, ईश्वर, सदाशिव, शक्ति, परमशिव समेत यी एघार तत्त्व पच्चीस तत्त्वमा मिलाएर जम्मा छत्तीस तत्त्व प्रायः शैव शास्त्रहरूमा स्वीकृत छन् । परमशिव पशुपति नै आत्मप्रच्छादन क्रीडामा तत्पर भएर चिदानन्द प्रकाश विमर्शमय स्वरूपबाट अवरोहण गर्दै तल झरेर जानुहुन्छ । उहाँ कहिले केवल इच्छाले (इच्छाशक्तिको उद्रेक भएमा) शक्ति (पराशक्ति) को रूपमा परिणत हुनुहुन्छ, ज्ञानशक्तिको उद्रेक भएमा सदाशिवत्वलाई प्राप्त गर्नुहुन्छ, क्रियाशक्तिको उद्रेकमा ईश्वरत्व स्थितिलाई प्राप्त गर्नुहुन्छ । यस पछि अवरोहण गर्दा विद्यात्व (शुद्धविद्यात्व) र विद्येश्वरत्व (अनन्तनाथ रूप) लाई प्राप्त गर्नुहुन्छ । मन्त्र र मन्त्रेश्वरबाट पनि अवरोहण गर्दै आत्मप्रच्छादन क्रीडामा तत्पर शिव छत्तीस तत्त्वको रूपमा परिणत हुनुहुन्छ । यसरी अनेकरूप धारण गर्दै व्यवहारदशामा आउँदै सूक्ष्म चित् स्वरूपबाट अवरोहण गरेर पार्थिवघन स्थूल जडस्वरूप धारण गर्नुहुन्छ [11] ।

शक्तितत्त्व

शिवबाट आविर्भूत हुने सर्वप्रथम तत्त्व शक्तितत्त्व हो । शक्तितत्त्वलाई एक दृष्टिले उपादानतत्त्व भने हुन्छ, जसद्वारा शिवले विश्वको सृष्टि गर्नुहुन्छ । यो शक्ति वेदान्तीहरूको जस्तो जड होइन, चित्स्वरूपिणी नै हो । शिव र शक्तिको सम्बन्ध अभिन्न मानिएको छ । महादेवी शक्ति हुन्, महादेव शक्तिमान् हुन् । यो चर अचररूप सम्पूर्ण जगत् ती दुईको विभूतिको लेशमात्रै

---

१०. सा चैका व्यापिनीरूपा निष्कला जगतो निधिः
अनाद्यन्ता शिवेशानी व्ययहीना च कथ्यते ॥
अस्यूत सा कलातत्त्वं यद्योगादभवत् पुमान् ।
जगत्कर्तृत्वसामर्थ्यो विद्यारागौ ततो ऽ सृजत् ॥
विद्या विवेचयत्यस्य कर्म तत्कार्य कारणम् ।
रागोऽपि रञ्जत्येनं स्वभोगेष्वशुचिष्वपि ॥
नियतिर्योजयत्येनं स्वके कर्माणि युद् गलन् ।
कालोऽपि कलयेत्येनं तुट्यादिभिखस्थितः ॥ (मालिनी विजयोत्तर तन्त्र १ । १६-२९

११. तदेवं प्रसृतो देवः कदाचिच्छक्ति मात्रके ॥२९ ॥
बिभर्ति रूप मिच्छातः कदाचिज्ज्ञानशक्तितः ।
सदाशिवत्वमुद्रेकात् कदाचिदैश्वरीं स्थितिम् ॥ ३० ॥
क्रियाशक्तिसमायोगात् कदाचित् स्थूलवेदनात् ।
विद्यात्व विद्येशानत्व मन्मन्मन्त्रेश्वरात्मताम ॥ ३१ ॥
आत्मप्रच्छादनक्रीडां कुर्वतो वा कथञ्चन ।
मायारूपमितोत्यादि षट्त्रिंशत्त्वरूपताम् ॥ ३२ ॥
बिभ्रद् बिभर्ति रूपाणि तावताव्यवहारतः ।
यावत्स्थूलं जडाभासं सदृशं पार्थिवं घनम् ॥ ३३ ॥ (शिवदृष्टि १ । २९-३३ ।)

हो। केही वस्तुतत्त्व चिद्‌रूप छ भने केही वस्तु अचिद्रूप छ। यो चिदचिद्‌रूप वस्तु (जड चेतनरूप तत्त्व) पर र अपररूप छ। यो चित्‌को चक्र अचित्‌को चक्रले समन्वित भएर संसरण गर्छ (संसारमा चलेको छ)। यो संसारमा चलेको चिदचित् चक्र अशुद्ध र अपर हो, अर्को त पर र शुद्ध छ। पर र अपर यी दुवै चिद् र अचिद् रूप छन् र यी शिव र शिवाका स्वरूप हुन्। शिव र शिवाका वशमा विश्व छ, विश्वका वशमा शिव र शिवा छैनन्। यो सम्पूर्ण विश्व ईशितव्य (शासन गर्न योग्य) छ। त्यसै हुनाले शिव र शिवाको युग्मलाई विश्वेश्वर भनिन्छ। जस्ता शिव छन्, त्यस्तै शिवा छन्, यी दुईमा कुनै अन्तर छैन, जस्तो चन्द्र र चन्द्रिकामा भेद छैन। जस्तै चन्द्रिका नभई चन्द्रमा प्रकाशित हुँदैनन्, त्यस्तै शक्ति विना शिव प्रकाशित हुँदैनन्। जस्तै प्रभा विना सूर्य रहँदैनन्, त्यस्तै सूर्य विना प्रभा पनि रहन्नन्। त्यसो हुँदा प्रभा र सूर्य अन्योन्याश्रित छन्। यसै रीतिले शक्ति र शक्तिमान्‌को स्थिति छ, दुवै परस्पर सापेक्ष छन्- शक्ति विना शिव रहँदैनन्, शिव विना शक्ति पनि रहन्नन्। जुन शक्तिले गर्दा शिव सधैं शरीरधारीहरूलाई भुक्ति र मुक्ति दिन समर्थ छन्, ती आद्या पराशक्ति एउटै छन् र ती चित्स्वरूपिणी छन्, शिवाश्रित छन्। ती शक्ति शिवका समानगुणले गर्दा परमात्मा शिवसमान-धर्मिणी मानिएकी छन् [१२]।

यी शक्ति स्वप्रकाश, सर्वोत्तीर्ण, अतिसूक्ष्म शिवदेखि अभिन्न भए पनि शिवरूप धर्मीमा धर्म रूपले बस्छिन्। यस्तो स्वीकार गर्ने सिद्धान्तशैवदार्शनिकहरू द्वैताद्वैतबाट प्रभावित छन् भन्ने बुझिन्छ। यस सिद्धान्त-शैवदर्शनमा शिव र शक्तिको ऐकात्म्य स्वीकृत गरिएको छ किन भने यी दुवै चित्स्वरूप नै छन्। साथै यी दुईमा सम्बन्धले, कार्यले र न्यायले भेद पनि छ किनभने स्वनिष्ठ चित्स्वरूप शिव छन् भने ज्ञानको निमित्त विषयाश्रित चिच्छक्ति छन्। यस रीतिले यी दुईको धर्म र धर्मीरूप सम्बन्ध छ। शिवले परको अपेक्षा गर्दैनन् किन्तु शक्तिले परको अपेक्षा गर्छिन्। जस्तै अग्निको दाहकत्त्व शक्ति दाह्य इन्धन आदिसंग सम्बद्ध भएर नै अभिव्यक्त हुन्छ, त्यस्तै शिवकी शक्तिले बाह्यजगत्‌संग सम्बद्ध भएर नै आफूलाई अभिव्यक्त गर्छिन्। सिद्धान्तशैवदर्शनले शक्त्यद्वयवादको खण्डन गर्छ, किनभने शक्त्यद्वयवादानुसार शक्ति नै जगत्‌को कारण हो, शिवको केही काम नै छैन। सिद्धान्तशैव दर्शनले शिवको सत्ता स्वीकार गर्छ र शक्तिलाई धर्मरूप मानेर धर्मी नभई धर्म रहँदैन भनेर धर्मी शिव विना धर्म शक्तिको सत्ता अन्याय्य हो भन्छ।

यस रीतिले यस दर्शनमा प्रकरणानुसार शिवका मुख्य दुइ शक्तिको विशेष रूपले उपस्थापन गरिएको छ- ज्ञान शक्ति र क्रियाशक्ति। जुन स्थानमा विश्वोत्तीर्ण शिवलाई चिद्घन मानिएको छ, त्यहाँ ज्ञान र क्रियाको शिवसित सम्बन्ध शरीर र शरीरीको जस्तो हो भन्ने बुझिन्छ र यस सादृश्यद्वारा जस्तै शरीरी आत्माले आफूले चाहेको कार्य शरीरद्वारा नै सम्पन्न गर्छ त्यसै गरी पतिले (परमशिवले) पनि आफूले चाहेको कार्य शक्तिद्वारा गर्छन् भन्ने आशय बुझिन्छ। कहीं

---

१२. शक्तिः साक्षान्महादेवी महादेवः स शक्तिमान्।
द्वयोर्विभुतिलेशो वै सर्वमेतच्चराचरम् ॥ ४ ॥
वस्तु किंचिदचिद्‌रूपं किंचिद् वस्तु चिदात्मकम्।
द्वयं शुद्धमशुद्धञ्च परञ्चापरमेव च ॥ ५ ॥
यत्संसरति चिच्चक्रमचिच्चक्रसमन्वितम्।
तदेवाशुद्धमयरमितरन्तु परं शुभम् ॥ ६ ॥
अपरञ्च परञ्चैत्र द्वयं चिदचिदात्मकम्।
शिवस्य च शिवायाश्च स्वात्म्यञ्चैतत् स्वभावतः ॥ ७ ॥
शिवयोर्वै वशे विश्वं न विश्वस्य वशे शिवौ।
ईशितव्यमिदं यस्मात् तस्माद् विश्वेश्वरौ शिवौ ॥ ८ ॥
यथा शिवस्तथादेवी यथादेवी तथा शिवः।
नानयोरन्तरंविद्याच्चन्द्रचन्द्रिकयोरिव ॥ ९ ॥
(शि. पु. वा. सं. उ. मा. अ. ५)

शिवको इच्छा, ज्ञान, क्रिया, तीन शक्ति मुख्य मानिएका छन् भने चिच्छक्ति र आनन्दशक्तिको पनि समावेश गरेर पाँचशक्ति पनि मानिएका छन् ।

द्विविध सृष्टि

शैवदर्शनमा सृष्टि दुईप्रकारको मानिएको छ- शुद्ध र अशुद्ध । परम शिवदेखि अवरोहण क्रमले शक्ति, सदाशिव, ईश्वर र शुद्ध विद्यासम्मको सृष्टि शुद्ध सृष्टि भनिन्छ । यस सृष्टिका साक्षात् कर्ता परम शिव नै मानिएका छन् । यस शुद्ध सृष्टिको उपादान कारण विन्दु मानिएको छ। नित्यशुद्ध अपरिमित ज्ञान र क्रियाशक्तिले युक्त अशरीरी शिवले त्यसै गरी शुद्ध सृष्टि उत्पादन गर्छन् जसरी परिमित परिच्छिन्न जीवात्माले शरीरमा स्पन्दन उत्पादन गर्छन् ।

यो सर्वस्वीकृत तथ्य हो कि निमित्त कारणले त्यसै बेलामा शरीरको अपेक्षा गर्छ जव त्यसको (सृष्टि) कार्य सविकल्पक ज्ञान ग्राह्य हुन्छ । यता यो शुद्ध सृष्टि सविकल्पक ज्ञान ग्राह्य हुँदैन, अतः त्यसको कर्ता शिवले पनि शरीरको अपेक्षा गर्दैनन् । शुद्ध सृष्टि निर्विकल्प ज्ञान भूमि हो, त्यसमा विकल्पको उद्‌भव हुँदैन, अतः यसको कर्ता शिवले पनि शरीरको अपेक्षा गर्दैनन् । अशुद्ध सृष्टि मायादेखि पृथिवीसम्म हो । यस अशुद्ध सृष्टिको कर्ता पनि पति (परमशिव) द्वारा प्रेरित बैन्दव शरीर भएका अनन्तनाथादि हुन् । यो सृष्टि अशुद्ध हो किन भने यसको उपादान (समवायीकारण) माया हो । पाशबद्ध पशुहरू नै कर्मानुसार विविध सुख र दुःखको अनुभव गर्छन् । यतः यो सृष्टि शब्दको उत्पत्तिको पछि नै अस्तित्वमा आउँछ, त्यसो हुँदा यो सविकल्पक सृष्टि हो ।

(क) मल-आणव मल

मल शब्दले आणव, कर्म, मायीय ती तीन प्रकारको मल बुझिने भए पनि पाशमध्येको मलशब्दले आणव मल नै बुझिन्छ । यो आणव मल अनादि र सान्त हो । अणु भनेको लघु, छोटो अथवा पदार्थको लघुत्तर अंश हो । अणु भन्नाले परमाणु र शैव दर्शनमा जीव भन्ने पनि बुझाउँछ । अणु भनेको सङ्कुचित प्रमाता हो । सर्वज्ञ र सर्वकर्ता प्रमातालाई यत् किञ्चित् ज्ञाता र यत् किंचित् कर्ता बनाउने मलको नाम नै आणव मल हो । यस पाशले पशुको ज्ञान र क्रियाशक्तिको तिरोधान गर्छ । यो मल अथवा पाश नेत्र (आँखा) को मोतीबिन्दु रोग जस्तो दर्शकशक्तिको रोधक हो । यस रोगमा पाशको निवृत्ति पति (परमशिव) रूप वैद्यको अनुग्रहरूप शल्यक्रियाद्वारा हुन्छ । तर यसको निमित्त जस्तै मोतीविन्दु पाकेको हुनु पर्छ, काँचो मोती विन्दुको शल्यक्रिया गर्न हुँदैन, त्यस्तै यस मलको पनि परिपाक भएको हुनुपर्छ । यसको परिपाक शैवागममा प्रतिपादित क्रिया, चर्या र योगको अनुष्ठानद्वारा सम्भव हुन्छ ।

(ख) माया

माया यस दर्शनमा वस्तुरूप सद्‌रूप नै मानिएको छ; वेदान्तीहरूको जस्तो असद्‌रूप मानिएको छैन । माया शब्दले पाशको अन्तर्भूत बन्धन अर्थमा प्रयोग गरिएमा मायाको कार्यलाई बुझाउँछ । मायीय मलले आत्माको बुद्धि, अहङ्कार, इन्द्रिय र स्थूलशरीरसँग तादात्म्य गराउँछ । यसले नै असद्‌मा सद्‌वोध गराउँछ ।

(ग) कर्म

गरेका कर्मको फलराशिरूप मलको प्रवाह अनादि हुन्छ । यो कर्मरूप मल पनि अनादि नै मानिएको छ । सृष्टि कर्माधीन हो । गरेको कर्मको फल भोग्नै पर्छ 'अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्' ।

(घ) निरोधशक्ति

निरोधशक्ति अथवा निग्रह शक्ति पाश पनि हो; परमशिवको एक शक्ति पनि हो । मुख्यरूपले यो परमेश्वरको एक शक्ति विशेष हो । पाशको कार्य गरेकोले पाश पनि मानिएको छ ।

(ङ) बिन्दु

बिन्दु पनि केवल मल स्वरूप मात्र होइन, शुद्ध सृष्टिको उपादान (समवायीकारण) पनि हो । यो बिन्दु

शब्दको पनि उपादान हो। बिन्दुलाई कुण्डलिनी शक्ति पनि भनिन्छ । त्यो जडरूप हो र भगवान्‌को परिग्रहशक्ति हो । यस बिन्दुमा नै शिवको लयादि अवस्था हुन्छन् । रुद्राणुहरूको प्रबोध र विमुक्ति पनि बिन्दुमा नै हुन्छ [१३]। शिवदेखि शुद्ध विद्यासम्म शुद्ध अध्वा हो र ती पाँच तत्त्वका स्वामी परमशिव पराशक्ति सदाशिव भट्टारक ईश्वर भट्टारक र अनन्तनाथ हुन् । अनन्तनाथलाई नै ईश्वर प्रत्यभिज्ञामा सद्‌विद्या भनिएको छ ।

पाश

पाश नै पशु र पतिको भेदको कारण हो र यस दर्शनमा द्वितीय पदार्थको रूपमा आएको छ । मल, माया, कर्म, निरोधशक्ति र विन्दु यी पाँच अवान्तर पदार्थ पाशका अन्तर्गत मानिएका छन् । मृगेन्द्रागममा श्रीभट्टनारायणकण्ठको बृत्तिमा "पूर्वैरनादिकालीनै र्मल कर्म माया परमेश्वर निरोधशक्त्याख्यै र्यथासम्भव हेतुतया" भनेर पाशका चार भेदको उल्लेख गरिएको पाइन्छ , बिन्दुको उल्लेख छैन । विन्दु शुद्ध सृष्टिसमवायीकारण हुनाले शुद्ध सृष्टि वास्तवमा बन्ध (पाश) मा नहुनाले त्यसको उल्लेख नभएको हुन सक्छ । कर्म र मायारूप दुई बन्धनको कल्पना वेदान्तीहरूले पनि गरेका छन् र त्यस बन्धनबाट मुक्ति पाए पछि मात्र वास्तविक मोक्ष हुन्छ भन्ने उनीहरूको आशय बुझिन्छ। सिद्धान्तशैव दर्शनका अनुसार माया र कर्म यी दुई पाशबाट मुक्त भएका ध्वंसोन्मुख आणव मल भएका पशु विज्ञानाफल भनिन्छन् । यी विज्ञानाफल प्रमाताहरू शुद्ध सृष्टिमा वैन्दव शरीर लिएर आणव मलको ध्वस्यमान, ध्वस्त आदि अवस्थानुसार शुद्धविद्या, ईश्वर, सदाशिव नामक उच्च, उच्चतर, उच्चम भूमिकामा पुऱ्याइन्छन् । त्यस बेलामा तिनीहरू मन्त्रमन्त्रेश्वर शब्दद्वारा अभिहित हुन्छन् । मोक्ष पनि यस रीतिले पर र अपरको भेदले दुई प्रकारको हुन्छ र त्यस अनुसार नै पाशको भेद हुन्छ । यद्यपि शिवतत्त्व एउटै छ, त्यसमा भेदको कल्पना हुन सक्तैन किन्तु यसको स्वतन्त्रता हुनाले स्वात्मप्रच्छादनक्रीडाद्वारा स्वात्मामा नै स्वरूपभेद प्रतिबिम्ब जस्तो देखाउँछन्। सादाख्य तत्त्वलाई सद् यस्तो प्रख्या भएपछि मात्र पर्ने हुनाले सदाशिव शब्दले भनिने तत्त्वको वाचक शब्द हो । अन्तरमा विपरिवर्तमा ज्ञानमात्रको क्रियाको विषय नभएको सादाख्य तत्त्व सदाशिव हुन्छ भने क्रिपामय सादाख्य तत्त्व ईश्वर हुन्छ । अर्थात् परमशिवको बहिरुन्मेष ईश्वरतत्त्व हो भने अन्तर्निमेष सदाशिव तत्त्व हो । यसरी भेद प्रकट हुन्छ [१४] । भेद प्रकटको प्रथम कारणलाई नै बिन्दु भनिएको छ किन भने यो शुद्ध सृष्टिको शरीरको उपादान मानिएको छ। बिन्दुलाई नै महामाया पनि भनिन्छ। यो बिन्दु एकै छ र शक्ति, सदाशिव ईश्वर र सद्‌विद्या चारतत्त्व (पदार्थ) यस विन्दुको शरीररांशमा परिणाम रूप हुन् । विन्दु नादको पनि कारण मानिएको छ। वैयाकरणले 'परमात्माको सिसृक्षात्मिका माया वृत्तिबाट अव्यक्त त्रिगण उत्पन्न हुन्छ, यो नै बिन्दु, हो र शक्तितत्त्व पनि

---

१३. लयादिभेदः प्रागुक्तो यदुपाधौशिवस्य तु ।
स विन्दुरिति मन्तव्या सैव कुण्डलिनीमता ॥
किंचरुद्राणवो येन बन्ध्यन्ते यत्र वा स्थिताः ।
विमुच्यन्ते यतो वाऽयं स बिन्दुरिति गम्यताम् ॥ (शैवपरिभाषामा पौष्कर बिन्दुको उल्लेख)

१४. ईश्वर बहिरून्मेषे निमेषेन्तः सदाशिवः ।
(ईश्वर प्रत्यभिज्ञा ३।१।३)

यो नै हो । यस विन्दुको अचिदंश वीज, चिन्ह अचित् दुवै अंश मिश्रित भएमा नाद र चिदंशमात्रै भएमा विन्दु नै हुन्छ । बिन्दुबाट नै नादको उत्पत्ति हुन्छ" भनेका छन् [१५] । वास्तवमा स्फोट अथवा शब्द ब्रह्म भनेको बिन्दुलाई नै लक्ष्य गरेर हो [१६] ।

पशु

पशुलाई आत्मा, क्षेत्रज्ञ आदि भनिन्छ । जीव, पशु, प्रमाता पनि यो नै हो । पशु विज्ञानाकल, प्रलयाकल, सकल भेदले तीन प्रकारको मानिएको छ । विज्ञानाकलमा आणवमल मात्रै हुन्छ, त्यो पनि ध्वस्यमान र ध्वस्तादि अवस्थाको हुन्छ । विज्ञानाकल पशुनै मन्त्र, मन्त्रेश्वर, मन्त्रमहेश्वर पदवाच्य हुन्छ । यसमा मायीय र कार्ममल हुँदैन । प्रलयाकल भने आणव र मायीय यी दुई मलले युक्त हुन्छ । सकल पशु आणव, मायीय, कार्म तीनै मलले युक्त हुन्छ र यो कलादि पृथ्वीतत्त्व पर्यन्त तीस तत्त्वसंग सम्वद्ध हुन्छ ।

मोक्ष

यस दर्शनमा पर र अपर भेदले दुई प्रकारको मोक्ष मानिएको छ । परमोक्ष शिव साम्यरूप छ र अपरिमित ज्ञानक्रियाशक्ति पशुमा आउँछ । अपर मोक्षमा मन्त्र, मन्त्रेश्वर मन्त्रमहेश्वरादि पद प्राप्त हुन्छन् । यस दर्शन अनुसार मोक्षमा शिवसाम्यता त प्राप्त हुन्छ किन्तु त्यो समता मात्रै हो, एकत्व अथवा अभेद होइन । मोक्षमा पनि शिवदेखि पृथक् नै पशुको सत्ता स्वीकार गर्नाले यस दर्शनलाई द्वैत दर्शन मान्न सकिन्छ ।

(गोष्ठी पत्रबाट साभार)

स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः

(गीता)

अर्काको धर्म ग्रहण गरेर बाँच्नुभन्दा
स्वधर्ममा रहेर मर्नुमा कल्याण छ
किनभने अर्काको धर्म
(परधर्म) धेरै भयावह हुन्छ ।

---

१५. ततोऽपरिपक्व प्राणिकर्मभिः प्राप्तरीपाकै स्वफलप्रदानाय भगवोऽबुद्धिपूर्विका सृष्टिमार्या पुरुषावाभिभवतः । ततः परमेश्वरस्यासिसृक्षात्मिका माया वृत्तिजार्यते ततो बिन्दुरूपमव्यक्तं त्रिगुणं जायते । इदमेवशक्तितत्त्वम् । तस्य बिन्दो रचिदंशो बीजम्, चिदचिन्मिश्रोशो नादः चिदंशो बिन्दुरिति । ... अस्माद् बिन्दो नादमात्रमुत्पद्ये । (लघुमन्जूषा)

१६. बिन्दोस्तस्माद्भिद्यमानाद् रवोऽव्यक्तात्मकोऽभवत् ।
स एव श्रुतिसम्पन्नैः शब्द ब्रह्मेति गीयते ॥ (लघु मन्जूषामा उद्धृत)

पशुपति क्षेत्र नौ-नौवटा पोखरी, डवली, ढोका, इनार बाटो, धारो, ईश्वर, ईश्वरी र चउरहरूले परिपूर्ण भएको धार्मिक स्थल हो । हाल यस्ता धार्मिक महत्त्वका वस्तुहरूमध्ये धेरैजसो पुरिएका, मिचिएका र नष्ट भएका अवस्थामा पाइन्छन् । पाठकहरूको जिज्ञासा पूर्तिका लागि यहाँ नौवटा पोखरीको नाम प्रस्तुत गरिएको छ र अरूको नाम पनि आगामी अङ्कमा प्रस्तुत गरिने छ । (सम्पादक)

पोखरीको नाम	स्थान	कैफियत
वनकाली पोखरी	वनकाली	हाल पुरिएको
राजराजेश्वरी पोखरी	राजराजेश्वरी	यथावत् रहेको
जम्बू पोखरी	लामो पोखरी	हाल कोषबाट सुरक्षा गरिएको
गाम्‌चा पोखरी	कसाई टोल	हाल कायम नरहेको
मचागा पोखरी	गौरी घाट	हाल कायम नरहेको
धन्य पोखरी	भगवान् स्थल	हाल पुरिएको
सङ्गत पोखरी	नवाली टोल	हाल कायम नरहेको
घण्टाकर्ण पोखरी	गौशाला	चक्रपथमा परेको
उमा पोखरी	उमा कुण्ड, कैलास	यथावत् रहेको

गतिविधि

कार्तिक २२ गते

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ४७ औं शुभ-जन्मोत्सवका सुखद उपलक्ष्यमा मौसूफ सरकारको दीर्घायु, सुस्वास्थ्य र अटल सौभाग्यको कामना गर्दै भगवान् श्रीपशुपतिनाथ एवं माता गुह्येश्वरी र पशुपति क्षेत्रका अन्य देव-देवीका मन्दिरहरूमा पूजा-आजा सम्पन्न गरियो ।

मार्ग २ गते

पशुपति क्षेत्रमा कोषको संयोजनमा विभिन्न क्षेत्रका निकाय एवं सामाजिक संघ संस्था समेतको संलग्नतामा आवश्यक सेवा सुविधा पुऱ्याई वालाचतुर्दशी पर्व सम्पन्न गरियो ।

मार्ग १७ गते

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको स्वर्ण शुभ जन्मोत्सवका सुखद उपलक्ष्यमा भगवती श्रीगुह्येश्वरीका मन्दिर प्राङ्गणमा मौसूफ सरकारको दीर्घायु, सुस्वास्थ्य र दीर्घ सुशासनको कामना गर्दै शतचण्डीको धार्मिक अनुष्ठान सम्पन्न गरियो । यस धार्मिक अनुष्ठानको शुभारम्भ र पूर्णाहुति समेत सम्माननीय बडा गुरुज्यू श्रीनयनराज पाण्डेबाट भएको थियो । यसै अनुक्रममा श्रीपशुपतिनाथका मन्दिरमा लघुरुद्री पाठ र पाशुपत क्षेत्रका देवदेवीहरूका मन्दिरमा विशेष पूजा समेत गरिएको थियो । अनुष्ठानका अन्त्यमा दीन-दुःखी एवं गरीबहरूलाई भोजन र दक्षिणा समेत वितरण गरिएको थियो ।

पौष ९ गते

मित्रराष्ट्र भारतको मद्रास स्थित श्रीशङ्कर मठ, काञ्चिपुरम्मा रहेको कामाक्षी मन्दिर तथा आन्ध्र प्रदेशको तिरूमल्लास्थित तिरूपति देवस्थान र अन्य मठ-मन्दिरको समेत व्यवस्थापन, पूजा-आजा तथा कार्यविधिको अध्ययन गर्न मुख्य लेखा अधिकृत श्रीहेमन्त कुमार घिमिरेका नेतृत्वमा प्रशासन अधिकृत श्रीभोला प्रसाद सिटौला र लेखा अधिकृत श्रीरमेश कुमार उप्रेती समेत तीन सदस्यीय अध्ययन मण्डल भारत तर्फ प्रस्थान गऱ्यो । अध्ययन मण्डलले जगद्गुरु शङ्कराचार्य श्रीजयेन्द्रसरस्वती स्वामीगलको निर्देशन र सहयोगमा विभिन्न मठ-मन्दिरको अध्ययन गर्ने कार्यक्रम रहेको छ ।

पौष १४ गते

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको स्वर्ण शुभ जन्मोत्सवका उपलक्ष्यमा पशुपति क्षेत्रका एक सय जना अनाथ-अशक्त एवं गरीवहरूलाई ओढ्ने खास्टो वितरण गरियो । साथै मौसूफ सरकारको दीर्घायुको कामना गर्दै पशुपति र गुह्येश्वरीमा विशेष पूजा समेत गरियो ।

पौष १५ गते

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको शुभजन्मोत्सवका उपलक्ष्यमा पशुपति क्षेत्र विकास कोषको आयोजनामा धार्मिक स्थल कैलासको दक्षिण पाखामा धार्मिक विधिपूर्वक भगवान् श्रीपशुपतिनाथका पुजारी भट्ट र भण्डारीहरूसमेत मिलेर वृक्षारोपण गर्ने कार्य सम्पन्न गरियो । विगत केही वर्षदेखि भण्डारी गुठी सञ्चालनका समयमा पशुपतिनाथका भण्डारीहरूले यसरी वृक्षारोपण गर्ने कार्य गर्दै आएका छन् ।

लेखकहरूसँग अनुरोध

१. "पशुपति क्षेत्र" (त्रैमासिक) पत्रिकामा धार्मिक, सांस्कृतिक, ऐतिहासिक, दार्शनिक एवं वातावरणीय पक्षसँग सम्बन्धित स्तरीय लेख-रचनाहरू प्रकाशित गरिन्छन्। यसमा पशुपति क्षेत्रका जात्रा, पर्व तथा मठ-मन्दिर र गुठीसँग सम्बन्धित लेखलाई विशेष प्राथमिकता दिई प्रकाशित गरिनेछ।

२. यस पत्रिकामा लेख-रचना पठाउँदा फुलिस्केप साइजको कागजमा दुवैतिर किनारा छोडी कागजको एकापट्टिमात्र सफासँग टाइप गरेको वा स्पष्ट अक्षरमा लेखेको हुनुपर्नेछ।

३. अन्यत्र प्रकाशित भइसकेको लेख-रचना यसमा प्रकाशित गरिने छैन। यसैले यस पत्रिकाका लागि पठाइएको लेख-रचना अन्यत्र प्रकाशनार्थ नदिन र अन्यत्र प्रकाशित भएका लेख-रचना यहाँ नदिन पनि लेखकहरूसँग अनुरोध गरिन्छ।

४. लेखकहरूले यस पत्रिकाका लागि लेख-रचना पठाउँदा आफ्नो फोटो र व्यक्तिगत विवरण पनि पठाउनु पर्नेछ।

५. अस्वीकृत रचना फिर्ता पठाइने छैन। लेख पठाएको छ महिनासम्ममा पनि प्रकाशित नभएको लेख अस्वीकृत भएको ठान्नु पर्नेछ।

६. यस पत्रिकामा प्रकाशित भएका लेख-रचनाका लागि लेखकहरूलाई पारिश्रमिकका रूपमा "पत्रम्" "पुष्पम्" दिने व्यवस्था समेत गरिएको छ।

– सम्पादक

F45।



वत्सलेश्वरी मन्दिर

Published by: Pashupati Area Development Trust Governing Council, Devpattan
P. O. Box No. 6062, Kathmandu, Nepal, Ph. No. 470-574, 471-667